Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ४१, २०८० साल जेठ २ गते मंगलबार (May 16, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**सम्पर्क: ४१६७५७८ (बागबजार)**

**मोबाइल: ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com

# आर्थिक संकटबाट कहिले पाउलान् जनताले मुक्ति

**मोहन कार्की**

काठमाडौं । देशमा झन झन आर्थिक संकटको भुमरी मडारिदै गएको छ । जनता अभाव र त्रासमा काहालिन लागेका छन् । सरकारले सरकारी कार्यलयहरुमा खर्च गर्ने बजेटहरु कटौती गर्दै लगेको छ । नीजि क्षेत्रहरुमा समायमा भुक्तानी हुन सकेको छैन । नेपालको अर्थतन्त्र संकुचन हुदै गएको छ भन्ने समाचार देश विदेशमा पुगेका छन् । जसको कारणले नेपालीहरुमा निरासाका पहाडहरु चुलिदै गएका छन् ।

यस्तो संकट के कारण आयो भनेर सरकारले खोजविन गर्न सकेको छैन । आज आज भोलि भोलि भन्दा भन्दै झण्डै २ बर्ष वित्तिसकेको छ । अर्थतन्त्रमा सुधार हुन सकेको छैन । यहि समयमा प्रेम आचार्यले आत्मदाह नै गरे भने कतिपय व्यवसयिहरुले आत्महत्याका वाटोहरु रोजे के यो संयोग मात्र हो ?

कयौ टहरामा साना तिना चिया पसल गरेर बसेका निम्न चिया पसलेहरु बजार महगीकै कारण चिया पसलवाट गुजारा चल्न छाडेपछि विस्थापित भएका छन् । मानिसहरु काम वाहेक बाहिर निस्कन छोडिसके खानापिनमा समेत कटौती गर्न थालेको तरकारी किन्न आएका मानिसहरुले कुरा गर्न थालेको सुनिन थालेको छ ।

**के यो उनिहरुले त्यतिकै कुरा होलान् ?**

सरकारी कर्मचारीहरुले महिनैपिछे पाउदै आएको तलवभत्ता अर्को महिना नलागेसम्म पाउन छोडेका छन् । नीजि स्कुलमा विद्यार्थी पढाईरहेका अभिभावकले जेठ लाग्दा समेत विद्यार्थी भर्ना गर्न सकेका छैनन् । जस जसले जे-जे व्यवसाय गरिरहेका छन् । ति व्यावसायहरुमा ह्रास आएको छ भनेर जताततै निरासा मात्र व्यक्त गरेको सुनिन्छ । के यो हल्ला मात्र होलात ?

यस्ता विकराल समस्या देशमा आइरहेको छ । सरकार सम्बनिधत निकायहरु भाषाण र मञ्चमा चिच्याउन मात्र व्यस्त देखिन्छन् । गहन अध्ययन भईराखेको छैन जस्तो जनताले भान गर्ने गरेका छन् ।

नेपाली उत्पादन प्रयोग गर्ने नीति, नेपाललाई आत्मनिर्भर बनाउने नीति, नेपालमा अर्थतन्त्र चलायनमान गराउन सक्ने ठुला योजनाहरु तत्कालको तत्कालै ल्याउन सकेन भने नेपालको संकुचन भएको अर्थतन्त्र खुकुलो हुन सक्ने देखिदैन ।




तत्कालको तत्कालै ठुला योजनाहरु सार्वजानिक गरेर नेपाली जनतामा हरेको अचल सम्पतिलाई चलायनमान गराउन सरकारले आवाहन गर्न सक्नुपर्छ ।

राष्ट्रिय अन्तराष्ट्रिय सवैलाइ आवाहन गरेर भएपनि देशको यो निरासालाई उत्साह भर्न ढिलो गर्नुहुदैन ।

# टोपबहादुर रायमाझीलाई ३ दिन हिरासतमा राख्न अनुमति

काठमाण्डौ । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्व उपप्रधानमन्त्री एवम् नेकपा एमालेका नेता टोपबहादुर रायमाझीलाई तीन दिन हिरासतमा राख्न अनुमति दिएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा गएको वैशाख २० गते पक्राउ पुर्जी



जारी भएपछि फरार रहेका रायमाझी आइतवार काठमाण्डौको बूढानीलकण्ठबाट पक्राउ परेका थिए । प्रहरीले सोमवार अनुसन्धानका लागि म्याद थप गर्न रायमाझीलाई सरकारी वकिलको कार्यालय लगेको हो ।

यो प्रकरणमा पक्राउ पर्नेको सङ्ख्या १३ पुगेको छ । प्रहरीले यसअघि पूर्व गृहमन्त्री एवम् नेपाली कांग्रेसका नेता खाणसहित नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार इन्द्रजीत राई, एमाले नेता एवम् पूर्वमन्त्री टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझी, गिरोहका नाइके भनिएका केशव दुलाल, सानु भण्डारी, टंक गुरुङ, सागर थुलुङ राई लगायत १२ जनालाई पक्राउ गरेको छ। बाँकी ६ पृष्ठमा

# भ्रष्टाचारविरुद्ध काठमाण्डौको नक्साल र माइतीघरमा प्रदर्शन



काठमाण्डौ । नक्कली भुटानी शरणार्थी काण्ड लगायतका भ्रष्टाचारविरुद्ध काठमाण्डौको नक्साल र माइतीघरमा प्रदर्शन भएको छ । भ्रष्टाचारीहरुलाई तत्काल कानुनी दायरामा ल्याइ कारबाही गर्न माग गर्दै प्रदर्शन भएको हो ।


नक्सालमा भएको प्रदर्शनमा पूर्व प्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डाक्टर बाबुराम भट्टराई, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, विभिन्न राजनीतिक दलका नेता, कलाकार, साहित्यकार, बुद्धिजीवी लगायतका व्यक्ति सहभागी भएका छन् । यस्तै, नागरिक अगुवासहितको टोलीले माइतीघरमा जम्मा भइ भ्रष्टाचारविरोधी विभिन्न साङ्गीतिक प्रस्तुतिसमेत दिएका छन् ।

प्रदर्शनमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद आसिम शाहले आफूले नक्कली भुटानी शरणार्थी प्रकरणबारे संसदमा पनि आवाज उठाएको र अहिले नागरिकस्तरबाट आवाज आइरहेकाले सशक्त रुपमा सदन र सडकमा उभिएको बताउनु बाँकी ६ पृष्ठमा

# लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्न दलहरूलाई निर्वाचन आयोगको निर्देशन

काठमाण्डौ । निर्वाचन आयोगले राजनीतिक दलहरूलाई आर्थिक वर्ष २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिएको छ । आयोगले कानुन बमोजिम आयोगमा लेखा परीक्षण प्रतिवेदन बुझाइसकेका ८२ राजनीतिक दललाई एक हप्ताभित्र प्रतिवेदन सार्वजनिक गर्न र त्यसको जानकारी आयोगलाई गराउन निर्देशन दिएको हो ।

दलको कार्यालय वा वेबसाइट, आमसञ्चार माध्यम वा सामाजिक सञ्जालका माध्यमबाट प्रतिवेदन सार्वजनिक गरी सार्वजनिक गरेको मितिले सात दिनभित्र आयोगमा पेस गराउनुपर्ने आयोगले जनाएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निकाल्नुभएको विज्ञप्तिमा राजनीतिक दलहरूलाई लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिएको उल्लेख छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र कानुनबमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई एक महिनाभित्र आयोगमा प्रतिवेदन पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोगले निरन्तर दुई आर्थिक वर्षसम्म प्रतिवेदन पेस नगर्ने राजनीतिक दललाई त्यस्तो प्रतिवेदन पेस नगर्नुको कारण सोधेको छ ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# मल कारखाना छिटो स्थापना गरौं

नेपाल कृषि प्रधान देश हो । यसै देशमा किसानले मुख्य बाली धान रोप्ने बेलामा रासयनिक मल पाउदैनन् र पाए पनि बजार भाउँ भन्दा बढी तिरेर मल किन्न बाध्य छन् ।

यस्तो समस्या आउन झण्डै दुइ दशक भईसक्यो । तर पनि समस्या ज्यूका तयू छ । सरकार परिवर्तनै पिछे नेपालमा मल कारखाना स्थापनाका ठुला ठुला स्वरमा चर्का भाषण गर्ने मन्त्रीहरुको कमी छैन । तर हालसम्म नेपालमा मल कारखाना खोल्न सकेका छैनन् । २०६४ सालमा नै डा. बाबुराम भट्टराइले नेपालमा नै रासयनिक मल कारखाना खोल्नलाई १०० मेगावाट बिजुली चाहिने रहेछ । त्यसको व्यवस्थापन गरेर रासयनिक मल कारखाना खोल्नुपर्छ भनेका थिए ।

तर हालसम्म त्यो रासयनिक मल कारखान स्थापना भएको छैन । किसानहरुले समयमा मल पाएका छैनन् । कतै कतै पाएपनि महगो तिरेर मल किनेका छन् । कृषि प्रधान देशमा यस्तो समस्या अन्तराष्ट्रियस्तरमा सुन्दा पनि लाजमर्दो बिषय हो ।

लाज माने पनि नमाने पनि नेपालको समस्या छ । यसरी किसानहरुले भनेको वेलामा मल नपाउदा खेतीयोग्य जमिनवाट सोचेको जति अन्न फलाउन सक्दैनन् । जसको कारणले नेपालाई अपुग खाद्यन्न अन्य देशवाट आयात गर्नुपर्ने बाध्यता बनिराखेको छ ।

कृषिप्रधान देशले यसरी विदेशवाट खाद्यन्न आयात गर्नुपर्दा देशको धनराशि बाहिर जान्छ भने बैदेशिक ब्यापार घाटा पनि बढ्दै गईराखेको छ । जनले गर्दा नेपालीहरुको अन्तराष्ट्रिय जिडिपीमा ह्रास आउदै गएको छ । त्यति मात्र होइन कृषि पेशामा आत्मनिर्भर हुन नसक्ने र जहिले पनि मुख्य बाली लगाउने बेलामा मल नपाउदा कृषकका छोराछोरी कृषि पेशा प्रति नै नकरात्मक सोच आउने र निकट भविष्यमा कृषि पेशानै संकटमा पर्ने सम्भावना बढदै गएको छ ।

त्यसकारण नेपालमा कृषि पेशामा आवद्ध कृषकलाई समयमा नै मल उपलब्ध गराउन आफ्नै देशमा मल कारखाना स्थापना गर्नुको बिकल्प छैन । नेपालमा बहुदलीय ब्यवस्था स्थापना पछि सवै उद्योग कलकारखाना बन्द गराए उद्योगहरु खोल्न कसैले पनि पहल गर्दैन भन्ने आरोप छ । त्यस्ता आरोपलाई समेत चित खवाउने गरी नेपालमा रासयनिक मल कारखाना स्थापना गरेर कृषि प्रधान देशको शिर उच्च राख्न वर्तमान सरकारले खुट्टा कमाउनु हुदैन ।

यसरी मल कारखाना स्थापना पछि देशमा हजारौले रोजगार पाउछन् भने नेपालका किसानले समयमा मल किनेर मनग्य खाद्यन्न उत्पादन गर्छन र विदेशमा समेत कृषि सामग्री निर्यात गरेर बैदेशिक ब्यापार घाटा कम गरी देशलाई अर्थतन्त्रमा बलियो बनाउन सकिन्छ ।

यि माथिका सवै कुरामा अध्ययन गर्दा मल कारखाना पछि नेपालले आर्थिक समृद्धि गर्न सक्छ भन्ने देखाउछ । त्यसकारण जतिसक्दो चाडो मल कारखाना स्थापना गरौ ।

# युवाः नेपाली मनका ढुकढुकी

प्रा. डा. हरि शर्मा

बदलिँदो मौसमजस्तै समय पनि चर्किंदो हिसाबले व्यतीत भइरहेको अहिले भान हुन्छ । नेपाली राजनीतिको भरोसा बोक्ने संसद गुञ्जायमान छ । मुलुकमा उठ्नै नसकेका कतिपय अत्यन्तै महत्वपूर्ण विषयहरू छापामा, सञ्चारका अन्य माध्यमहरूमा र जनबोलीमा आइरहेका छन् ।

के वृद्धवृद्धा, के युवायुवती, के शिक्षार्थी, के मजदुर, के किसान सबैले अहिलेको सरकारको आयुको अड्कलबाजी लगाइराखेको सुनिन्छ । संविधानप्रदत्त मौलिक अधिकारबारे आमजनतामा पूर्ण ज्ञानोदय भइसकेको छ, यो अहिलेको विद्यमान परिवेशले ल्याएको सकारात्मक परिवर्तन हो । सरकारमा बसेर मनपरी गर्नेहरूका लागि खबरदारी पनि हो । अब पनि जनभावनालाई नबुझेजस्तो गरी आफ्नो दुनोमात्र सोझ्याउनमा कृत्रिम व्यस्तताको प्रदर्शन गर्नु र घाँटीमा फूलका माला झुन्ड्याएर फुलेर बस्ने बेला नरहेको बुझ्नुपर्छ ।

तिनै फूलका पछाडि अदृश्य नागका झुन्डहरू पनि हुन सक्ने सम्भावना रहन्छन् । कसले कसलाई कहाँ पोल्ने हो, निश्चित छैन, कर्म लुक्न( छिप्न सक्दैन । सत्कर्म र दुष्कर्म वर्षापछि खुलेको आकाशझैँ खुल्दै गइरहेका छन् । छ्यांग हुन समय लाग्ला तर आकाशले अब त छ्यांगिन पाउनैपर्छ । जिम्मेवार नेता र उनका सन्निकटका केही नागरिकले दुष्टताको पराकाष्ठा नाघ्ने र सुशासनका गीत गाउने, कस्तो विडम्बना ! अफ्रिकी मुलुक नाइजेरियाका पिटर ओबेले लेखेका पंक्तिहरू आज विश्वसामु नेपालले प्रमाणित गरेर देखाइदिएको छ, त्यो भनाइ कति सत्य हो भनेर ।

उनी लेख्छन्, "उद्योगभन्दा राजनीति बढी नाफामुखी भएमा कुनै पनि देशको विकास हुँदैन, राजनीतिज्ञहरू उद्यमीभन्दा धनी हुने देशमा उनीहरूले गरिबी उत्पादन गर्छन् ।" हाम्रो देशको विकासको पथ अवरुद्ध भएको, गरिबी दिनहुँ बढ्दै गइरहेको र राजनीतिमा होमिएकाहरूको आर्थिक अवस्था सुँदै गएर चरम स्थितिमा पुगिसकेको हाम्रा अघि छर्लङ्ग छ । धनी र गरिबबीचको असमानता धेरै गहिरो छ । माथिल्लो वर्गका २० प्रतिशत नेपालीसँग मुलुकको सम्पत्तिको ५६ प्रतिशत हिस्सा छ भने तल्लो वर्गका २० प्रतिशतसँग ४ प्रतिशतमात्र ।

भनिन्छ, नेपाली जनताको गरिबी दर ४२ बाट २१ प्रतिशतमा झरेको छ । प्रतिनेपाली आय बढेर १३ सय डलर पुगेको छ । तर, प्रश्न उठ्छ, प्रत्येक नेपालीले बोकेको वैदेशिक ऋणको भार (झन्डै ७२ हजार प्रतिव्यक्ति) किन घट्न सकेको छैन ? कर, रेमिटेन्स र ऋणबाहेक आयतर्फ अरू आँकडा किन देखिँदैनन् । व्यापारघाटा त्यत्तिकै चुलिएको छ । भ्रष्टाचार मौलाउन मात्र जान्दछ । अनि उत्पादनले उपभोक्ताको अभावमा हो वा बिचौलियाको दबदबामा हो, समान रूपले वितरण प्रणालीमा प्रवेश पाउँदैन । मुलुकभित्रै ५ किलो चामल किन्न ६ दिन हिँडेर, तुइनको जोखिम मोलेर आमनेपालीले बाँच्ने जोहो गर्नुपर्ने अवस्थाबाट सरकार अनभिज्ञ त छैन होला नि ?

घामपानी सबै सहेर खेतीयोग्य जमिनमा कृषि उत्पादन गर्न संलग्न कृषकहरूको श्रम मलको अभावमा खेर जान्छ । मल सरकारको सहकारीबाट हराउँछ । मलमात्रै समस्या रहेन, मिटरब्याजीहरूको प्रताडनाले पनि अत्तालिएर नांगै खुट्टा महिनौं हिँडेर कहिले राजधानीको मण्डला र कहिले शान्ति वाटिकामा धर्ना दिँदै सरकारसँग न्यायको विनम्र याचना गर्न आइपुग्छन् । अन्धो न्याय आपराधिक गतिविधि गर्नेहरूको पोल्टामा पुग्छ ।

जेल पठाएजस्तो गर्ने र माला पहिराएर न्याय प्राप्त भएको भन्दै स्वागत गर्ने यस्तो दूषित परम्पराको अन्त्य गरी देशवासीलाई एउटा सुनौलो सुरुवातको आभास दिन सरकार तत्पर छ वा छैन ?

देशमा रोजगारीको अवस्था शून्यसरि भएकाले धेरैजसो युवा अझै पनि नेपाल सरकारले सहृदयताका साथ प्रदान गर्ने श्रम स्वीकृति लिएर हात पारेर गए । अहिले सन् २०२३ मा पनि डीभी परेर अमेरिका जानेहरूको संख्या ४ हजार रहेको छ । यसरी प्रत्येक वर्ष नेपाली पाखुराहरू विदेश पलायन हुँदै जाँदा भोलि देशको अवस्था के हुने हो बारे केही होनहार जनप्रतिनिधिहरूले चासो पोखे पनि नेपाल सरकारको कुनै पनि वृत्तमा यसको रोकथामका लागि छलफल हुने गरेको देखिन्न ।

**भनिन्छ, नेपाली जनताको गरिबी दर ४२ बाट २१ प्रतिशतमा झरेको छ । प्रतिनेपाली आय बढेर १३ सय डलर पुगेको छ । तर, प्रश्न उठ्छ, प्रत्येक नेपालीले बोकेको वैदेशिक ऋणको भार (झन्डै ७२ हजार प्रतिब्यक्ति) किन घट्न सकेको छैन ? कर, रेमिटेन्स र ऋणबाहेक आयतर्फ अरू आँकडा किन देखिँदैनन् । ब्यापारघाटा त्यत्तिकै चुलिएको छ । भ्रष्टाचार मौलाउन मात्र जान्दछ । अनि उत्पादनले उपभोक्ताको अभावमा हो वा बिचौलियाको दबदबामा हो, समान रूपले वितरण प्रणालीमा प्रवेश पाउँदैन । मुलुकभित्रै ५ किलो चामल किन्न ६ दिन हिँडेर, तुइनको जोखिम मोलेर आमनेपालीले बाँच्ने जोहो गर्नुपर्ने अवस्थाबाट सरकार अनभिज्ञ त छैन होला नि ?**

**घामपानी सबै सहेर खेतीयोग्य जमिनमा कृषि उत्पादन गर्न संलग्न कृषकहरूको श्रम मलको अभावमा खेर जान्छ । मल सरकारको सहकारीबाट हराउँछ । मलमात्रै समस्या रहेन, मिटरब्याजीहरूको प्रताडनाले पनि अत्तालिएर नांगै खुट्टा महिनौं हिँडेर कहिले राजधानीको मण्डला र कहिले शान्ति वाटिकामा धर्ना दिँदै सरकारसँग न्यायको विनम्र याचना गर्न आइपुग्छन् । अन्धो न्याय आपराधिक गतिविधि गर्नेहरूको पोल्टामा पुग्छ ।**

**जेल पठाएजस्तो गर्ने र माला पहिराएर न्याय प्राप्त भएको भन्दै स्वागत गर्ने यस्तो दूषित परम्पराको अन्त्य गरी देशवासीलाई एउटा सुनौलो सुरुवातको आभास दिन सरकार तत्पर छ वा छैन ?**

आफ्ना सन्तानलाई विदेश पठाउने र त्यहींको नागरिकता उपलब्ध गराउने विदेशतिर लाग्ने क्रम निरन्तर चलिरहेको छ । त्यहाँ कुनै ह्रास देखिँदैन । गत चैतमा मात्रै ५६ हजार ३ सय ४३ पुरुष र ५ हजार १ सय ३५ महिला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट खाडीलगायत विभिन्न मुलुकतर्फ प्रस्थान गरेको अभिलेख छ । युवाहरूलाई स्वदेशमै बसेर श्रम, सीप, सदाचार र स्वावलम्बनको पाठ कसले सिकाउने ? लोकसेवा पास गरेर राष्ट्रसेवक बनेका अन्य अनेकौं मेधावी युवायुवतीहरू पनि विदेशमै गएर आजीवन भास्सिने र मातृभूमितर्फ नफर्कने तर्कना गरेर दिन काटिरहेका छन् ।

सन् २०१८ को उपलब्ध आँकडाअनुसार बेलायतमा बस्ने नेपालीहरूको संख्या ३ लाख ४० हजार थियो । अस्ट्रेलिया गएर सन् २०२० सम्म बसोबास गरेका नेपालीको संख्या ३ लाख ३१ हजार ८ सय ३० रहेको पाइन्छ । त्यसरी नै खाडीमा ३ लाख ५४ हजार ९ सय ५ र जापानमा २ लाख १ सय ४८, सन् २०१६ सम्म क्यानडामा १४ हजार ३ सय ८५, सिंगापुरमा ७ हजार, ओमानमा १७ हजार ५७ र जर्मनीमा २ लाख नेपाली परिवार रहेको स्रोतले बताउँछ । यी देशहरूबाहेक कतार, बहराइन, संयुक्त अरब, इजराइल, जोर्डन, दक्षिण कोरिया, मलेसिया र मरिससमा पनि असंख्य नेपाली रोजगारी कमाउन पुगेका छन् ।

गैरआवासीय नेपाली, जसमा भूतपूर्व नेपाली, नेपाली मूलका विदेशी नागरिक र आप्रवासी नेपालीहरूको संख्या पनि अत्यधिक नै छ । द्वन्द्वकालकै सेरोफेरोमा पनि अधिकांश नेपालीको बहिर्गमन भयो ।

कोही शरणार्थीका रूपमा बिदेसिएर, कोही स्वेच्छाले र धेरैजसो डीभी चिट्ठा विषय अधिकांश उच्च, उच्च मध्यम र मध्यम परिवारको प्रतिष्ठा बनिसकेको छ । नबनोस् पनि किन, सरकारले आफ्नै नागरिकको कल्याण नसोचेपछि । यसरी नेपाली युवाहरू अन्धाधुन्ध बिदेसिनुका पछाडि धेरै प्रस्ट कारक तत्वहरू छन् । तीमध्ये (क) बेरोजगारी, (ख) गुणस्तरीय उच्च शिक्षाको अभाव, (ग) शान्ति सुरक्षाको प्रत्याभूति नभएको, (घ) स्वदेशमा भन्दा विदेशमा अत्यधिक श्रम मूल्य पाइने, (ङ) सम्पूर्ण परिवारकै जीवनस्तर वृद्धि, (च) धनले ल्याउने सुख, शान्ति र बलियो आत्मबल तथा स्वाभिमानसहितको अनुशासित जीवन, (छ) प्रजातन्त्रको उत्कृष्ट नमुना, (ज) व्यक्तिगत स्वतन्त्रता, (झ) जागिर नपाए पनि जीविकोपार्जन भत्ता, (ञ) शिशुहरूका लागि निःशुल्क शिक्षा, (ट) निःशुल्क स्वास्थ्य, (ठ) प्रतिभाको कदर आदि ।

यी त भए स्वदेशमै बसेर विदेशमा बसेका नेपालीहरूबारे यथार्थताले भरिएको एउटा कपोलकल्पित सत्यतथ्यको विवरण ।

यीभन्दा बाहेकका पनि अनेकौं अरू कारण हुन सक्छन् । यो सन्दर्भलाई यहाँ केलाइएको वास्तवमा सरकारको जनताप्रतिको उत्तरदायित्व लाई औंल्याउने प्रयास मात्र हो । सरकारले भोलिका राष्ट्र निर्माता युवावर्गप्रति अन्याय थुपारेको छ । सरकारले शिक्षा, स्वास्थ्य, कृषि र अन्य व्यावसायिक तालिमहरूको वर्तमान स्थितिको प्रतिवेदन तयार पार्न लगाएर ती क्षेत्रबाट उत्पादित जनशक्तिलाई ससम्मान उपयुक्त अवसर प्रदान गर्नुपर्ने अपरिहार्यतालाई बोध गर्नुपर्छ । युवाहरूको राजनीतिक आस्थालाई थाती राखेर उनको योग्यता र दक्षताअनुसार राष्ट्र विकासमा संलग्न गराउनु सरकारको परम ध्येय हुनुपर्छ ।

उच्चपदस्थ अग्रासनी कर्मचारी, मन्त्री अथवा त्यहाँभन्दा पनि माथिल्लो तहका तथाकथित राष्ट्रनायक (लिडर अफ द स्टेट) स्वयं वा उनका सन्तान नै किन नहोऊन्, कुनै पनि फौजदारी अभियोगका अभियुक्त प्रमाणित भइसकेपछि तिनलाई मुक्त पार्ने त कुरै छोडौं, मुक्त पार्ने परोक्ष/अपरोक्ष चेष्टासमेत गरिनु हुँदैन । युवाहरूमा रहेको अदम्य साहस र धैर्य दुवै सत्चरित्र र नैतिकताका आधारमा स्वतः उत्पन्न हुने गुण हुन् र युवाहरूको त्यस्ता गुणलाई राज्यले अभिषेक गर्न सक्नुपर्छ ।

नेपालमा अहिले बिग्रँदो अर्थतन्त्रका कारण कैयौं राष्ट्रसेवकले आफ्नो मासिक तलब र आजीवन सेवा गरेर सेवानिवृत्तहरूले आफ्नो पेन्सनसमेत नपाएको अवस्था सुनिन्छ ।

वर्ल्ड प्रिजन ब्रिफका अनुसार मुलुकमा सन् २०२१ सम्म २५ हजार ४ सय कैदी थुनामा रहेका छन् । हालै प्रकाशित एक समाचारका अनुसार मन्दीबाट गुज्रिरहेको हाम्रो अर्थतन्त्रका कारण सरकारले ती कैदीहरूलाई उनको प्राप्य सिदासमेत उपलब्ध गराउन नसक्ने अवस्था रहेको बताइएको छ । यो अवस्था सरकारका लागि लज्जास्पद हो । लगभग १५ हजार अट्ने ठाउँमा २५ हजार ४ सय कैदी कोचेर अमानवीय तरिकाले राख्ने गरेको उदाहरणले हाम्रो प्रशासनिक व्यवस्था कत्तिको फितलो रहेछ भन्ने प्रस्ट्याउँछ । सुरक्षाका जति साधनहरूको प्रयोग भए तापनि हिंसा र जघन्य अपराधका घटनाहरू अनियन्त्रित छन् । कारण उपर्युक्त सुरक्षाका साधनहरू या अयोग्य छन् या तिनमा जिम्मेवारी बोध र प्रतिबद्धता छैन । यिनले पनि आफ्नो वेतन नपाएको गुनासो चियापसलहरूमा सुन्न पाइन्छ ।

लेख्दै जाँदा पुनः युवाहरूतर्फ फर्केर हेरौं । युवाहरूले ज्ञानविज्ञान र खेलकुदका क्षेत्रमा हासिल गरेका उपलब्धिहरूले अन्तर्राष्ट्रिय जगत्मा नेपालको मान, शान र प्रतिष्ठा बढाएको जगजाहेरै छ । यस्तो सम्भावनाका वाहक युवा खेलाडीहरू विदेश पलायन भएको समाचारले कुनै पनि नेपालीको मन कुँडिनु अस्वाभाविक होइन । समस्याको जरो सरकारका हातमा छ, तर समाधानका लागि ऊसँग तत्परता छैन । ऊ सधैं उद्घाटन, भाषण र मञ्चमा सजाइएका आसनतर्फ आकृष्ट छ । यो आडम्बरी परम्परालाई उसले तोड्नैपर्छ । आममानिसमा यसले विषम्य वितृष्णा हुर्काएको छ । 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भनेजस्तै सिंहदरबारका भित्ताहरूमा आफ्नो फोटो झुन्ड्याएर उसले अमर बाँच्ने अभिलाषा राख्नु निरर्थक छ ।

८० लाखभन्दा बढी त बाहिरै छन्, बाँकी रहेका २ करोड बूढाबूढी र केही हजार युवा बसेको मुलुकमा शासनसत्ता चलाउन संघीय शासनअन्तर्गत सम्पूर्ण तलबभत्ता र सुविधासहित झन्डै ५ हजार भीआईपी पाल्नुपर्ने अवस्थाबाट देशलाई उन्मुक्त गर । नेपाल सरकारको प्राथमिकता वार्षिक बजेट कार्यक्रम ल्याउनुमा मात्रै होइन, व्यवहारमा देखिनुपर्छ । खर्बौंको बजेट ल्याएर प्रत्येक वर्ष बिर्सिएर जाने अर्बौंको बेरुजु कहिले कसले असुलउपर गर्ने ? कुनै सरकारी कार्यालयमा मितव्ययिता छ ?

स्वास्थ्योपचारका नाममा राज्यकोषको दोहन खर्च घट्दो छ कि बढ्दो छ ? सरकारी खर्चमा विदेश भ्रमण रोकिएको छ ? भोका, नांगा, रोगी र दीनदुःखीहरूको धरतीमा केही भोगीहरूको जगजगी बन्द गराऊ । युवाहरूको मार्ग स्वदेशभित्रै प्रशस्त गर । नेपालको कीर्तिस्तम्भ युवाहरूले नै निर्माण गर्ने क्षमता राख्छन् । सेवाभावनाहीन जागिरे प्रवृत्तिका नेताहरूबाट देश बन्लाजस्तो लाग्दैन ।

कारोवार

# भ्रष्टाचारको अनन्त चक्र

राजकुमार सिवाकोटी

विश्वमा भ्रष्टाचार अनन्त र सर्वव्यापक छ। यसका कारण र परिणाममाथि व्यापक बहस भइरहेको छ। स्थान र समय अनुसार भ्रष्टाचारको व्याख्या फरक हुँदै आएको छ। भ्रष्टाचारको परिभाषा सहज छैन। सर्वोच्च अदालतले एक मुद्दामा यसलाई परिभाषित गर्न कठिन छ, भनेको छ। भ्रष्टाचार शब्दलाई परिभाषा गरी निश्चित सीमा रेखाङ्कनभित्र आबद्ध गर्ने कार्य जोखिमपूर्ण छ। यसै भएकाले 'भ्रष्टाचार निवारण ऐन, २०१७' मा भ्रष्टाचारको परिभाषा नगरेको महसुस हुन्छ।

सामान्नतयाः भ्रष्टाचार ठहर्न कुनै व्यक्तिले आफ्नो ओहदाको दुरुपयोग गरेको हुनु पर्छ। कुनै काम गर्दा कसैको मोलाहिजा वा कुनैलाई अनिष्ट गर्न वा गराइदिएबापत केही पाउने प्रलोभनमा परी या आर्थिक लाभ अनियमित ढङ्गले मञ्जुर गरेमा, लिएमा वा लिन प्रयत्न गरे भ्रष्टाचार मानिन्छ। भ्रष्टाचारविरुद्धका अभियन्ता राज्य वा राजनीतिमा भ्रष्टाचार विद्यमान हुन्छ भन्ने कुरामा एकमत छन्। उनीहरूका अनुसार गैर कानुनी उपायबाट धन या शक्ति प्राप्त गर्न प्रयास गर्नु(सार्वजनिक नोक्सानीमा निजी लाभ उठाउनु भ्रष्टाचार हो। भ्रष्टाचार शब्दको अनेक ढङ्गले विभिन्न अर्थ र भावार्थको इतिहास नै छ। जे होस् इतिहासले प्रमाणित गरेको छ जति शक्ति एक ठाउँमा केन्द्रित हुँदै जान्छ त्यति भ्रष्टाचार असीमित हुँदै जान्छ। राजनीतिशास्त्रमा 'शक्ति पृथकीकरण' र 'शक्ति सन्तुलन' को सिद्धान्तको प्रादुर्भाव यसै कारणले भयो।

प्राचीन सभ्यतादेखि आजसम्म सबै राजनीतिक र आर्थिक व्यवस्थामा भ्रष्टाचार विद्यमान छ। विभिन्न धर्म सम्प्रदायमा समेत भ्रष्टाचार थियो र त्यो अहिले पनि कायम छ। खास गरी विषम समाजमा भ्रष्टाचार व्यापक मात्रामा हुन्छ। नेपाल राज्यको विस्तार हुनु अघि र त्यसपछि पनि भ्रष्टाचार थियो। आजको नेपाली समाजलाई यसले तहस नहस परिरहेको तथ्य पृथ्वीनारायण शाहको दिव्योपदेशले प्रस्ट पार्दछ ('घुस दिने र खाने दुवै राष्ट्रका शत्रु हुन्।' सबै राजनीतिक व्यवस्थाले भ्रष्टाचार अन्त्य गर्न सकेको छैन। यो समाजमा टासिइरहँदै पुनः देखा परिरहन्छ। यसलाई मनोगत मानव कार्यले मात्र घटाउन सकिँदैन। कुनै समय, स्थान र संस्कारमा अरूभन्दा बढी भ्रष्टाचार भएको पाइन्छ।

नेपालमा भ्रष्टाचारको इतिहास कहालीलाग्दो छ। राणा शासन र श्री ३ महाराज भई असीमित शक्ति पाएपछि भ्रष्टाचार व्यापक र संस्थागत हुन थाल्यो। जुवामा हारेको रकम तिर्न नसकी हात्ती समाउन तराई झर्न विवश भएका जङ्गबहादुरले धेरै सम्पत्ति जोड्न सके। वीरशमशेरले राज्यको र निजी ढुकुटीमा फरक देखेनन्। नेपालमा सर्वप्रथम विदेशी बैङ्कमा सम्पत्ति जम्मा सुरु गर्ने यिनी हुन्। चन्द्रशमशेरले राज्यको ढुकुटीलाई निजी ढुकुटीका रूपमा प्रयोग गरी नौ/नौ करोडका दरले आफ्ना नौ भाइछोरालाई बाँडेका थिए। प्रथम महायुद्ध र द्वितीय महायुद्धमा गोरखालीले लडेबापत ब्रिटिस सरकारबाट प्राप्त भएको वार्षिक भा.रु. दस लाख (पछि २० लाख भा.रु.) राज्यको ढुकुटीमा जानुपर्ने आम्दानी श्री ३ महाराजको निजी ढुकुटीमा जान्थ्यो। यो एउटा भ्रष्टाचारको नमुना मात्र हो। श्री ३ महाराज प्रधानमन्त्री र उनका परिवारले कर, तिरो, भन्सार, महसुल आदि तिर्नु पर्दैन्थ्यो। राज्यका स्रोतहरूलाई आफ्नो निजी प्रयोजनमा लगाउन सकिन्थ्यो र लगाइन्थ्यो।

२००७ सालमा प्रजातन्त्र आयो, तर पनि यो लेगासीले छोडेन। राज्यको सम्पत्ति र शासकको निजी सम्पत्तिमा भिन्नता देखिएन। पञ्चायतकालमा धनाढ्यको कित्तामा उभिन पुगे। लुटिएका र नियन्त्रण गरिएका सवारीसाधनलाई मन्त्रीपरिषद्बाट निर्णय गरेर छुट्टै नम्बर प्लेट राखेर

**सामान्नतयाः भ्रष्टाचार ठहर्न कुनै व्यक्तिले आफ्नो ओहदाको दुरुपयोग गरेको हुनु पर्छ। कुनै काम गर्दा कसैको मोलाहिजा वा कुनैलाई अनिष्ट गर्न वा गराइदिएबापत केही पाउने प्रलोभनमा परी या आर्थिक लाभ अनियमित ढंगले मञ्जुर गरेमा, लिएमा वा लिन प्रयत्न गरे भ्रष्टाचार मानिन्छ। भ्रष्टाचारविरुद्धका अभियन्ता राज्य वा राजनीतिमा भ्रष्टाचार विद्यमान हुन्छ भन्ने कुरामा एकमत छन्। उनीहरूका अनुसार गैर कानुनी उपायबाट धन या शक्ति प्राप्त गर्न प्रयास गर्नु सार्वजनिक नोक्सानीमा निजी लाभ उठाउनु भ्रष्टाचार हो। भ्रष्टाचार शब्दको अनेक ढंगले विभिन्न अर्थ र भावार्थको इतिहास नै छ। जे होस् इतिहासले प्रमाणित गरेको छ जति शक्ति एक ठाउँमा केन्द्रित हुँदै जान्छ त्यति भ्रष्टाचार असीमित हुँदै जान्छ। राजनीतिशास्त्रमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तको प्रादुर्भाव यसै कारणले भयो।**

**प्राचीन सभ्यतादेखि आजसम्म सबै राजनीतिक र आर्थिक व्यवस्थामा भ्रष्टाचार विद्यमान छ। विभिन्न धर्म सम्प्रदायमा समेत भ्रष्टाचार थियो र त्यो अहिले पनि कायम छ। खास गरी विषम समाजमा भ्रष्टाचार व्यापक मात्रामा हुन्छ। नेपाल राज्यको विस्तार हुनु अघि र त्यसपछि पनि भ्रष्टाचार थियो। आजको नेपाली समाजलाई यसले तहस नहस परिरहेको तथ्य पृथ्वीनारायण शाहको दिव्योपदेशले प्रस्ट पार्दछ (घुस दिने र खाने दुवै राष्ट्रका शत्रु हुन्। सबै राजनीतिक व्यवस्थाले भ्रष्टाचार अन्त्य गर्न सकेको छैन। यो समाजमा टासिइरहँदै पुनः देखा परिरहन्छ। यसलाई मनोगत मानव कार्यले मात्र घटाउन सकिँदैन। कुनै समय, स्थान र संस्कारमा अरूभन्दा बढी भ्रष्टाचार भएको पाइन्छ।**

जहाँ शक्ति केन्द्रमा भ्रष्टाचार हुन्थ्यो र भयो पनि। शक्तिशाली प्रधानमन्त्री तुलसी गिरी, उनका मन्त्रीपरिषद् सदस्य र वरिष्ठ कर्मचारीविरुद्ध विदेशी मुद्रा अपचलन गरेको आरोप लाग्यो। मुद्दा जितेपछि तुलसी गिरी विदेशिए। पञ्चायत कालमा वन जङ्गल धेरै नाश भयो। घुसको चक्करले गर्दा गिफ्ट पार्सल, स्टनेलेस स्टिलका सामान निर्यात काण्डले देशको उद्योग र व्यापार डुब्यो। टङ्कप्रसाद आचार्यको मन्त्रीपरिषद्का सदस्य भूपालमान सिंह कार्कीले धान चामल ढुवानी ठेक्कामा ठूलो भ्रष्टाचार गरेको तथ्य भेटिन्छ। राजा वीरेन्द्रको शुभराज्याभिषेकमा खर्च भएको सम्पत्तिका विषयमा अमेरिकी टाइम पत्रिकाले 'गरिब देशका धनी राजा' भनेर छापेको थियो। पञ्चायतकालमा लोकेन्द्रबहादुर चन्दलाई गलैंचा काण्ड, सूर्यबहादुर थापालाई वनजङ्गल सकेको आरोप लागेको थियो। २०४६ को परिवर्तन पछि चाइना साउथ वेस्ट एयरलाइन्स काण्ड एमाले सरकारको पालाको चर्चित भ्रष्टाचार काण्ड हो। लाउडा जहाज भाडा प्रकरण, रासायनिक मलकाण्ड, 'पजेरो प्रकरण' 'सांसद खरिद(बिक्री प्रकरण', आदि भ्रष्टाचारका नुमना हुन्। यी प्रकरणमा 'नीतिगत निर्णय' र 'तजबिजी अधिकार' को प्रयोग भएको पाइन्छ।

विगत ७० वर्षमा सबै राजनीतिक दल 'जल, 'हवाई, भू('लागुऔषध, सुन', 'पासपोर्ट माफिया' देखि 'चेलीबेटी बेचबिखन माफिया' र 'मानव तस्कर' द्वारा प्रभावित छन्। नेपालका राजनेता, कर्मचारी प्रशासनदेखि पार्टीका कार्यकर्तासम्मले भेटे र सके जति भ्रष्टाचार गरेका छन्। २०६२/६३ को गणतान्त्रिक लोकतन्त्रको सुरुवात पछि समाजमा भ्रष्टाचारको तह घट्ला भन्ने अपेक्षा गरिए पनि यो यथार्थमा परिणत हुन सकेन। सर्वहाराको नेतृत्व गर्ने एमाओवादी पार्टी र यसका नेता पनि प्रयोग गर्ने काम भए। अर्बौं घोटालाका प्रकरण राजनीतिक दबाबका कारण अख्तियारले छानबिन गर्न सकेको छैन। गएको तीन वर्षयता देखा परेको कोरोना तथा कोभिड(१९ को कहरले समाजलाई ब्याकुल बनाएको छ। नागरिकको स्वास्थ्यको प्रत्याभूतिका लागि खरिद गरिने औषधी पीपीई, भ्याक्सिन, कोरेन्टाइनको व्यवस्थापन जस्ता क्षेत्रमा स्थानीय तहदेखि केन्द्रैसम्म व्यापक भ्रष्टाचार भएको जनगुनासो आइराखेको अवस्था छ। स्वास्थ्य, शिक्षा र मानवीय सेवाका क्षेत्रमा समेत व्यापक भ्रष्टाचार हुनु यो मुलुकका लागि ठूलो दुर्भाग्य हो।

समाज निर्माणको सुरुको अवस्थामा राज्यले शान्ति सुरक्षा दिने, न्याय दिने र कर तिरो उठाउने काम गर्ने हो। न्याय दिँदा र कर तिरो उठाउँदा भ्रष्टाचार हुन्थ्यो। समाजका सीमित समूहमा भ्रष्टाचारको मार पर्दथ्यो। जब विकास र निर्माणका कार्य पनि सरकारले गर्न थाल्यो तब भ्रष्टाचार बढी देखिन थाल्यो। समाजको सानो समूहबाट ठूलो व्यापक समूहमा भ्रष्टाचारले सतायो। हाल दातृसमुदायबाट विदेशी ऋण र अनुदानका रूपमा आर्थिक संरचना, आर्थिक विकास, गरिबी उन्मूलन, आतङ्ककारी निर्मूल गर्न सहयोग आउन थाल्यो। यस्ता सहयोगमा व्यापक भ्रष्टाचार हुने र पारदर्शिताको अभाव विद्यमान छ। नेपाली भूमिमा विदेशी एनजिओ/आईएनजीओ दुई सयभन्दा बढी कार्यरत छन्। तिनीहरूको आयव्यय विवरण कहिले सार्वजनिक हुँदैन। न ती संस्थाले आर्थिक विवरण जिल्ला प्रशासन कार्यालयमा नै बुझाउनुपर्छ। यस्ता सयौँ संस्थाले नेपालको तरल र राजनीतिक पद्धति तथा राज्यको अनुगमन प्रणाली कमजोर भएको अवस्थाको फाइदा उठाइरहेका छन्। एक अर्थमा यी विदेशी संस्थाले सय प्रतिशत फाइदाको व्यापार नेपालमा गरिराखेका छन्। राज्य र नागरिकले यस्ता निकायलाई अनुगमन गर्ने र पारदर्शिता खोज्ने कार्यमा चुकेको अवस्था छ।

हाम्रो देशमा स्थानीय प्रशासनदेखि केन्द्रीय प्रशासनसम्म, कर, राजस्व, भन्सारदेखि नापीसम्म भ्रष्टाचारको जगजगी बढेको छ। प्रस्ट रूपमा विकासोन्मुख देशमा भ्रष्टाचार सर्वशक्तिमान, सर्वव्यापक र अदृश्य शक्ति भएको छ। केही वर्षअघि फिलिपिन्सका राष्ट्रपति, इन्डोनेसियाका राष्ट्रपति, कोरियाका राष्ट्रपतिले भ्रष्टाचारको आरोपमा पद छाड्नु परेको, भारतका प्रधानमन्त्री पीभी नरसिंह रावलाई अदालतले भ्रष्टाचारमा दण्ड दिएको, पाकिस्तानका प्रधानमन्त्रीलाई आरोप लागेको, कोरियाका राष्ट्रपति पनि भ्रष्टाचारको मुद्दामा फसेको पाइन्छ। नेपाल पनि यसमा अपवाद हुन सक्दैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारीका विरुद्ध सशक्त कारबाही चलाइरहेको छैन। यो कठिन काम त हो तर हिम्मत राखे गर्न आवश्य सकिन्छ।

नेपालमा भ्रष्टाचार अनियन्त्रित हुँदा साधारण नागरिकको राज्यमाथिको विश्वास घटेको छ। नवजात लोकतन्त्र उदय भएको एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशमा प्रजातन्त्रप्रति आस्था घट्दै गई त्यहाँका नागरिकमा नकारात्मक प्रभाव परिरहेको छ।

नेपालको अवस्था त खराबमध्येको खराबमा रहेको छ। यद्यपि नागरिक र लोकतन्त्रका प्रमुख अभिकर्ता राजनीतिक दलले भ्रष्टाचार उन्मूलनका लागि दृढ इच्छाशक्ति प्रदर्शन गर्ने हो भने भ्रष्टाचारलाई उन्मूलन गर्न नसके पनि नियन्त्रण गर्न सकिन्छ। नयाँ नेपालको परिकल्पना साकार पार्ने हो भने भ्रष्टाचारमा शून्य सहिष्णुता चाहिन्छ। यसका लागि सबै नेपाली एक ढिक्का भएर भ्रष्टाचारविरुद्ध सङ्गठित सङ्घर्ष गर्नुको विकल्प छैन। लेखक समसामायिक विषयमा कलम चलाउनुहुन्छ।

गोरखापत्र

# रामेछाप डायरी

## मन्थली माविको नवनिर्मित विद्यालय भवन मुख्य मन्त्री जम्कट्टेलद्धारा उद्घघाटन

रामेछापको सदरमुकाम मन्थलीमा रहेको मन्थली माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय भवनको आज उद्धघाटन गरिएको छ। बाग्मती प्रदेशका मुख्य मन्त्री शालिकराम जम्कट्टेलले भवन उद्धघाटन गर्नुभएको हो।

एसियाली विकास बैंकको आर्थिक सहयोगमा निर्माण भएको ३६ कोठे भवनको उद्धघाटन गर्दै मुख्य मन्त्री जम्कट्टेले बाग्मती प्रदेश सरकारले शिक्षा क्षेत्रको सुधारका लागी धेरै कामहरु गरेको बताउनुभयो।


शिक्षा,स्वास्थ्य,कृषि र सडकलाई प्राथमिकता दिएर आगामी आर्थिक वर्षको बजेट ल्याउने तयारी भैरहेको पनि उहाँले बताउनुभयो। खानि निर्माण सेवा प्रालीले १५ करोड ८६ लाख ४७ हजार ५ सय ५३ रुपैया लागतमा उक्त भवन निर्माण गरेको हो।

## गोकुलगंगा गाउँपालिकाको दोश्रो चौमासिक अबधिसम्म ५५.८४ प्रतिशत रकम खर्च

रामेछापको गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/८० को दोश्रो चौमासिक अवधिसम्म ५५.९४ प्रतिशत रकम खर्च भएको छ। गाउँपालिकामा शनिबार आयोजित चालु आ.व. ०७९/८० को दोस्रो चौमासिक अवधिसम्मको विकास आयोजना तथा कार्यक्रमको प्रभावकारीता तथा सेवा प्रवाहको अवस्था विषयक सार्वजनिक सुनुवाइ कार्यक्रममा उक्त कुरा जानकारी गराइएको हो। सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत होम बहादुर थापाले गाउँपालिकाको समग्र प्रगति प्रतिवेदन सहित आर्थिक क्षेत्रमा सम्पन्न योजना विवरण जानकारी गराउनु भएको थियो।

प्रमुख प्रशासकिय अधिकृत थापाले प्रस्तुत गर्नुभएको प्रगति प्रतिवेदन अनुसार गाउँपालिकाले चालु तर्फ रु ३३ करोड ८७ लाख ८० हजार र पुँजीगत तर्फ रु ३१ करोड ४१ लाख ६६ हजार गरी जम्मा रु ६५ करोड २९ लाख ४६ हजार विनियोजन भएकोमा चालु खर्च तर्फ हाल सम्म रु २२ करोड ५ लाख ९३ हजार ९ सय १४ रुपैयाँ १४ पैसा अर्थात ६५.११ प्रतिशत रकम खर्च भएको छ। त्यसैगरी पुँजीगत तर्फ रु १४ करोड ४६ लाख ९६ हजार ४ सय १४ रुपैयाँ ९३ पैसा अर्थात् ४६.०५ प्रतिशत रकम खर्च भएको हो। चालु र पुँजीगत गरी कूल रु ३६ करोड ५२ लाख ९० हजार ४ सय ४ रुपैयाँ ०८ पैसा अर्थात् ५५.९४ प्रतिशत वितीय प्रगती हासिल भएको बताइएको छ।

प्रहार मिडिया प्रा.लिको सहजीकरण भएको उक्त कार्यक्रमा बोल्दै गोकुलगंगा गाउँपालिका अध्यक्ष काजी बहादुर खड्का(दिनेश)ले पालिकाको विकास र सम्वृद्धिका लागी विभिन्न योजनाहरु बनाएर काम भैरहेको बताउनुभयो। पालिकामा शिक्षा,स्वास्थ्य,खानेपानी,सडक जस्ता विकासमा पूर्वाधारहरुको कामले गति लिएको बताउनुभयो। गाउँपालिकाले आगामी दिनमा संचालन गर्ने समग्र विकास निर्माण कार्य एवं सेवा प्रवाहमा अझ बढी प्रभावकारीता र सुधार ल्याउन आम गाउँवासी नागरीकहरुबाट अमुल्य एवं रचनात्मक सल्लाह र सुझावको अपेक्षा गरिएको अध्यक्ष खड्काले बताउनुभयो। सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी नागरीकहरुले प्रश्न,जिज्ञासा सहित सुझाव सल्लाह दिएका थिए। कार्यक्रममा सहभागी नागरीकहरुले शिक्षा, स्वास्थ्य, कृषि, सडक, पशुपालनलगायत गाउँपालिकासँग जोडिएका विभिन्न विषयवस्तुरुमा रहेर प्रश्न गरेका थिए। सहभागीहरुको प्रश्न,जिज्ञासा र गुनासाहरुको जवाफ गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले दिनुभएको थियो।



# कामना सेवा विकास बैंकको ४.६४ प्रतिशत लाभांश पारित

कामना सेवा विकास बैंक लिमिटेडको १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारण सभामा बैंकको चुक्ता पुँजीको ५२ प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी ४४९ जना सेयरधनीको उपस्थिति रहेको थियो ।

साधारणसभाले आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट सेयरधनीलाई




हाल कायम चुक्ता पुँजीको ४.४१ प्रतिशतका दरले बोनस सेयर र बोनस सेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२३२१ प्रतिशत समेत गरी कूल ४.६४२१ प्रतिशत लाभांश वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको छ । बैंकले आ.व. २०७९/०८० को लेखापरीक्षण गर्नको लागि बैंकको लेखारीक्षण समितिद्वारा सिफारिस गरिए बमोजिम लेखारीक्षण बि.आर एस् न्यौपाने एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस्लाई नियुक्ति गर्ने प्रस्ताव पारित गरेको छ ।

उक्त सभामा बैंकका अध्यक्ष सुदिप आचार्यले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, बैंकको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु र देशको आर्थिक तथा बैंकिङ क्षत्रको अवस्था तथा चालु आर्थिक वर्ष २०७९/८० को हाल सम्मको कार्य सम्पादनको संक्षिप्त विवरण र भावी कार्ययोजना प्रस्तुत गरेका थिए । बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृत बिनय दाहालले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएको लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम सञ्चालन गरिएको भएपनि अर्थतन्त्रमा देखिएको विषम परिस्थितिका कारण निर्धारित लक्ष्य प्राप्त गर्न केही असहज भएकाले चालु आ.व.मा व्यवसाय वृद्धिको साथै खराव कर्जा असुलीमा बढी ध्यान केन्द्रित गरी कार्य योजनासहित अगाडि बढ्ने बताए ।

# सनराइज बैंकको शाखारहित बैंकिङ्ग सेवा कैलाली कुचैनीमा

सनराइज बैंक लिमिटेडले कैलाली जिल्लाको गौरीगंगा न.पा.- ३, कुचैनी कैलालीमा शाखारहित बैंकिङ्ग सेवाको सुरुवात गरेको छ । सो शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसंगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या १०३ पुगेको छ ।



बैंकले गौरीगंगा न.पा.- ३, कुचैनी कैलालीमा खोलेको शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिका रुपमा गणेश प्रसाद पौडेललाई नियुक्त गरेको छ । सोमबार आयोजित एक कार्यक्रममा प्रमुख अतिथिमा गौरीगंगा नगरपालिका वडा नम्बर ३, का वडा अध्यक्ष मनिराज जोशी र सभापतीमा बैंकका अत्तरिया शाखाका प्रमुख मातृका खड्काको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा स्थानीय व्यापारी, बुद्विजिवी, समाजसेवी लगायत अन्य कार्यालयका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो । बैंकिङ्ग सेवाको माध्यमबाट बचत तथा भुक्तानीका लागि शाखा कार्यालय नभएको ठाँउबाट समेत शाखारहित बैंकिङ्ग सेवा अन्तर्गत ए.टि.एम कार्ड मार्फत कारोबार गर्न सकिने बैंकले जनाएको छ । यस सेवाबाट ग्राहकवर्गले निक्षेप सकंलन, रकम भुक्तानी, रकम स्थानान्तरण जस्ता सेवाहरु लिन सकिने जनाएको छ । व्यापार, कृषि र रेमिट्यान्सको मुख्य आयस्रोत रहेको सो क्षेत्रका बासिन्दाहरुमा बैंकिङ्ग पहुँच बढाउने उद्देश्यका साथ बैंकिङ्ग सेवा सुरु गरेको बैंकले जनाएको छ  हालसम्म सन्रइज बैंकले १३९ वटा शाखा, १०३ वटा शाखारहित बैंकिङ्ग सेवा, १३ वटा एक्सटेन्सन काउण्टर र १६२ वटा ए.टि.एम मार्फत आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ । साथै बैंकले आफ्ना सेवाहरु विस्तार गर्ने क्रममा, नेपालका अन्य स्थानहरुमा पनि बैंकिङ्ग सेवा संचालन गर्दै जाने योजना रहेको जनाएको छ ।

# स्ट्याण्डर्ड चार्टर्ड बैंकको सहयोगमा वित्तीय अन्तर्राष्ट्रिय सम्मेलन

लगानी बोर्ड नेपाल र स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले आर्थिक पत्रकार समाज-नेपाल (सेजन) को सहकार्यमा 'नेपालका लागि वित्तीय सम्बन्धमा अन्तर्राष्ट्रिय सम्मेलन' २०२३ सम्पन्न भएको छ । सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवम् लगानी बोर्डका अध्यक्ष पुष्पकमल दाहालले सम्मेलनले आर्थिक र सामाजिक विकासका लागि आवश्यक पर्ने नवीनतम वित्तीय उपकरण र उपाय प्रस्तुत गर्ने र कानुनी, निजी लगानी प्रवर्द्धन, सहजीकरण र प्रोत्साहन गर्न संस्थागत र प्रक्रियागत सुधार गर्ने बताए । सम्मेलनबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागीहरूले योगदान गरेका सुझावलाई आगामी आर्थिक वर्षको बजेट र मौद्रिक नीतिमा समावेश गर्न सकिने भएकाले सम्मेलन समयसापेक्ष भएको उनले बताए ।

सम्मेलनमा वरिष्ठ सचिवहरू, सरकारी अधिकारीहरू, कूटनीतिज्ञहरू, विकास साझेदारहरू, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाहरूका वरिष्ठ प्रतिनिधि, विज्ञ, अनुसन्धानकर्ता र शिक्षाविद्हरूको सहभागिता थियो । अर्थमन्त्री डा प्रकाशशरण महत; लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत (सीईओ) श्री सुशील भट्ट; काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. अच्युत वाग्ले; स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोष दस्तीदार; स्ट्याण्डर्ड चार्टर्ड बैंक युकेका वरिष्ठ दिगोपन सल्लाहकार डा. जोन मर्टन; र, सेजनका अध्यक्ष जनार्दन बरालले उद्घाटन सत्रलाई सम्बोधन गरेका थिए । अर्थमन्त्री डा. महतले लगानीका अतिरिक्त स्रोत परिचालनका लागि आवश्यक पर्ने नयाँ वित्तिय साधनको महत्वमा जोड दिँदै विद्यमान संरचना र व्यवस्थामा उपलब्ध स्रोत साधनलाई 'रिप्याकिङ' गरेर मात्रै नहुने बताए ।

# कुमारी बैंकद्वारा परिवार सुरक्षा बचत खाता योजना अन्तर्गतको बीमा रकम भुक्तानी

कुमारी बैंकले परिवार सुरक्षा बचत खाता योजना अन्तर्गत खाता धारकको



परिवारलाई १० लाख रुपैयाँको दुर्घटना बीमा रकम भुक्तानी गरेको छ । खाता धारकको परिवारको तर्फबाट श्रीमती हेमु खत्री भण्डारीलाई रकम हस्तान्तरण गरिएको थियो । उक्त रकम बैंकको नेपालगञ्ज शाखाबाट हस्तान्तरण गरिएको थियो । कुमारी बैंकले कुमारी परिवार सुरक्षा बचत खातामा आकर्षक बीमा सुविधा उपलब्ध गराउँदै आएको छ । यस खातामा खातावालासहित परिवारका चार जाना सदस्यले २६ लाख रुपैयाँसम्मको बीमा सुविधा प्राप्त गर्न सकिन्छ । सो खातामा दुर्घटना मृत्यु, चिकित्सा उपचार र गम्भीर रोगहरुका लागि बीमा सुविधा प्रदान गरिन्छ । कुमारी बैंकले विगत ४ वर्ष देखि ग्राहकहरुको सुविधाका लागि परिवार सुरक्षा बचत खाता योजना मार्फत बिमा लगायत अन्य उत्कृष्ट सुविधा प्रदान गर्दै आएको छ ।

# सन्राइज बैंक र अरोगिन हेल्थकेयर तथा अनुसन्धान केन्द्रबीच सम्झौता

सन्राइज बैंकले आफ्ना ग्राहकरुलाई नयाँ र समय सापेक्षिक सेवाहरुलाई




प्रदान गर्दै आएको छ। सन्राइज बैंकले आफ्ना ग्राहकहरुको सहजता तथा सुविधालाई मध्यनजर गर्दै अस्पताल, रेष्टुरेन्ट तथा विभिन्न क्षेत्रमा विशेष छुट सहितका सुविधा दिदैं आएको छ ।

त्यसै क्रममा बैंकले स्वास्थ्य क्षेत्रमा समेत विभिन्न छुट दिने उद्देश्यले काठमाडौको विशालनगरस्थित अरोगिन हेल्थकेयर तथा अनुसन्धान केन्द्रसँग सम्झौता गरेको छ । सन्राइज बैंक लिमिटेड तथा अरोगिन हेल्थकेयरबीच बैंकका ग्राहकहरुला विशेष छुट प्रदान गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार बैंकका ग्राहकहरुले यस बैंकको क्रेडिट, डेबिट कार्ड, क्यू आर वा मोवाइल बैंकिङ्ग मार्फत अरोगिन हेल्थकेयर तथा अनुसन्धान केन्द्रका विभिन्न सेवा तथा उपचार सुविधाहरुमा ४५ प्रतिशत सम्मको छुट पाउन सक्ने जनाइएको छ । सम्झौतामा बैंकका कर्पोरेट मार्केटिङ प्रमुख विवेक निरौला र अरोगिन हेल्थकेयरका व्यवस्थापन प्रमुख जानुका विष्टले हस्ताक्षर गरेको बैंकले जनाएको छ ।

# सिद्धार्थ बैंकलाई आइएफसीको ५५० लाख डलर ऋण सुविधा

सिद्धार्थ बैंक र विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेसन (आइएफसी) बीचऋण लेनदेन सम्झौता भएको छ । नेपालकालघु, साना तथा मझौला उद्यमीहरुको व्यवसाय र जलवायु वित्तपोषणमा लगानी गर्ने गरी दुई संस्था बीच सम्झौता भएको हो ।




यसअन्तर्गत आइएफसीले बैंकलाई ५ करोड ५० लाख अमेरिकी डलर ऋण प्रदान गर्नेछ । बैंकलाई दिएको यो रकम नेपाली नेपाली बैंकहरुमध्ये हालसम्मकै सबैभन्दा बढी ऋण रकम हो । यो सहकार्य सँगै बैंकले स्वच्छ ऊर्जा परियोजना, विद्युयुतीय सवारी साधन, जलवायु मैत्रीपुर्ण कृषि जस्ता परियोजनामा लगानी गर्नेछ ।

सम्झौताले लघु, साना तथा मझौला व्यवसाय स्थापना, संचालन र प्रवर्द्धन गर्न र हाल नेपालको बैंकिङ प्रणालीमा तरलता अभावको समस्या समाधानमा केहि हदसम्म टेवा पुग्ने विश्वास बैंकको छ । आइएफसीकोग्लोबल ट्रेड फाइनान्स कार्यक्रमको सदस्यरहेको यो बैंकले हालै आइएफसी द्वारा आयोजित १०औं ग्लोबल ट्रेड अवार्डमा 'बेस्ट अपरेसन बैंक इन साउथ एसिया २०२१'अवार्ड पाएको थियो ।

बैंकको २ खर्ब ७३ अर्ब ८३ करोड रुपैयाँको सम्पत्ति, २ खर्ब १६ अर्ब ९६ करोड रुपैयाँ निक्षेप र १ खर्ब ८९ अर्ब ५४ करोड रुपैयाँ कर्जा पूँजी छ । बैंकको मुलुकभर १९५ शाखा, २२३ एटिएम् र १,७४४ पिओएस् रहेका छन् ।

## अर्थ संसार

# ठूलो कारोबारमा छैन विद्युतीय भुक्तानी

पछिल्ला महिनाहरूमा स-सानो विद्युतीय कारोबार बढे पनि ठूलो रकमको भुक्तानी भने निराशाजनक देखिएको छ । राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आवको चैत महिनाको विद्युतीय कारोबारको विवरणमा यस्तो पाइएको हो । तथ्यांकले यस्ता प्रयोगकर्तामात्र नभई कारोबार रकम र कारोबार संख्या पनि बढेको देखाउँछ । तर, ठूला कारोबारमा हुने विद्युतीय भुक्तानी प्रणाली अर्थात् आरटीजीएसतर्फ भने कारोबार बढ्नुको साटो झनै ठूलो दरले घटेको छ । स-साना भुक्तानीका लागि मोबाइल बैंकिङ, वालेट, इन्टरनेट बैंकिङ, कनेक्ट आईपीएस, क्युआर कोडलगायत माध्यम प्रयोग गरिन्छन् । राष्ट्र बैंकका अनुसार यस्ता विद्युतीय माध्यम प्रयोग गरी भुक्तानी गर्नेको संख्या, कारोबार संख्या तथा कारोबार रकम बढ्दो क्रममा रहेका छन् । चालु आवको चैतमा २ करोड ४ लाख ३४ हजारभन्दा बढीले मोबाइल बैंकिङमार्फत कारोबार गरेका छन् । गत आवको चैतमा १ करोड ७१ लाख ८२ हजारभन्दा बढी प्रयोगकर्ताले मोबाइल बैंकिङ प्रयोग गर्थे ।

गत आवको चैतमा १ करोड ६४ लाख ५९ हजार पटक मोबाइल बैंकिङमार्फत कारोबार भएकोमा चालु आवको चैतमा २ करोड ५७ लाख ३५ हजार पटक कारोबार भएको छ । सो अवधिमा २ खर्ब ७ अर्ब ४५ करोडभन्दा बढी रकम मोबाइल बैंकिङबाट भुक्तानी भएको छ । गत आवको चैतमा १ खर्ब १५ अर्ब ३९ करोड रुपैयाँ मोबाइल बैंकिङमार्फत भुक्तानी भएको थियो । गत आवको चैतमा १६ लाख ५८ हजार १८४ प्रयोगकर्ताले इन्टरनेट बैंकिङ प्रयोग गरेकोमा यस आवको चैतमा संख्या बढेर १७ लाख ९८ हजार ८६६ पुगेको छ । गत वर्षको चैतको तुलनामा चालु आवको चैतसम्ममा वालेट प्रयोगकर्ताको संख्या ५८ लाख ४० हजार ६२७ जनाले बढी छ । गत आवको चैतसम्ममा १ करोड १७ लाख १९ हजारभन्दा बढीले वालेट प्रयोग गरेका थिए । चालु आवको चैतसम्ममा यो संख्या बढ्दै १ करोड ७५ लाख ६० हजारभन्दा बढी पुगेको छ ।

यस्तै, कनेक्ट आईपीएस प्रयोगकर्ताको संख्या पनि वृद्धि भएको छ । चालु आवको चैत महिनामा कनेक्ट आईपीएस प्रयोगकर्ताको संख्या १० लाख ५१ हजार ७७६ पुगेको छ । गत आवको चैतसम्ममा यसका प्रयोगकर्ता ८ लाख ४१ हजार थिए । नेपाल राष्ट्र बैंकले चालु आवलाई विद्युतीय भुक्तानी वर्षको रुपमा मनाइरहेको छ । यस वर्ष विगतका वर्षहरूमा भन्दा बढी विद्युतीय कारोबार भएको राष्ट्र बैंकले जनाएको छ ।

चालु आवको चैतमा ७६ लाख ४४ हजार ७९१ पटक क्युआर कोडमार्फत कारोबार भएको छ । गत आवको सोही समयमा यस्तो कारोबार २७ लाख २३ हजार ५८६ पटक भएको थियो । कारोबार रकमकै आधारमा हेर्ने हो भने पछिल्ला समयमा ठूलो भुक्तानी क्युआर कोडमार्फत हुने गरेको देखिन्छ । राष्ट्र बैंकका अनुसार चालु आवको चैतमा २२ अर्ब ८९ करोड रुपैयाँ क्युआर कोडमार्फत भुक्तानी भएको छ । गत आवको सो समयमा ८ अर्ब ९४ करोड रुपैयाँ क्युआर कोडमार्फत भुक्तानी भएको थियो । नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधान पछिल्लो समय डिजिटल भुक्तानी बढ्दै गइरहेको भए पनि अझै नागरिकलाई डिजिटल भुक्तानीप्रति आकर्षित गराउनुपर्ने बताउँछन् । उनले कम्पनी, बैंक तथा राष्ट्र बैंकले समेत नागरिकलाई विद्युतीय भुक्तानीका लागि जागरण फैलाउनुपर्नेमा जोड दिए ।

राष्ट्र बैंकले लिएको सही नीतिका कारण अहिले विद्युतीय भुक्तानीमा बानी पर्दै गएको उनको भनाइ छ । कारोबारसँग उनले भने, "अहिले विद्युतीय भुक्तानी माथि जाँदैछ । यसलाई विस्तार गर्न चेतना बढाउनुपर्छ ।" राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले पछिल्लो समय नेपालीले विद्युतीय भुक्तानी प्रणाली रुचाउँदै जाँदा कारोबार गर्ने क्रममा वृद्धि भएको बताए । उनले भने, "क्युआर कोड, कनेक्ट आईपीएस तथा वालेट प्रयोग गर्नेहरूको संख्या बढ्दो क्रममा रहेको छ भने भुक्तानी गर्ने रकम पनि बढ्दै गइरहेको छ । यसले भुक्तानीमा डिजिटल माध्यम नेपाली जनताले रुचाउँदै गएको देखिन्छ ।" पछिल्ला महिनाहरूमा हरेक महिना विद्युतीय भुक्तानीको प्रयोगकर्ता, कारोबारको संख्या र कारोबार रकम सबै बढ्दो क्रममा रहेको उनले उल्लेख गरे । "राष्ट्र बैंकको नीति तथा प्रयोगकर्तालाई सहज भएकाले पनि विद्युतीय भुक्तानीतर्फ नागरिकह आकर्षित भएका छन्," कार्यकारी निर्देशक पौडेलले भने ।

ठूलो कारोबार घट्यो

स-साना कारोबारमा विद्युतीय भुक्तानीको क्रम बढे पनि ठूलो मूल्यको भुक्तानीका लागि प्रयोग गरिने विद्युतीय भुक्तानी प्रणाली (आरटीजीएस) तर्फ भने ठूलो दरमा गिरावट आएको छ । अर्थतन्त्रमा आएको सुस्तताका कारण आरटीजीएस प्रभावित भएको कार्यकारी निर्देशक पौडेलको भनाइ छ । उनले भने, "आरटीजीएसलाई अर्थतन्त्रको अरु फ्याक्टरले पनि प्रभावित पार्छ । अर्थतन्त्रमा आएको सुस्तताको असर यसमा परेको छ ।" उनका अनुसार बैंकमा कर्जाको माग नभएको तथा कर्जा प्रवाह पनि घटेको अवस्था, सेयर बजारको कारोबार घटेको अवस्था तथा अर्थतन्त्रमा आएको सुस्तताका कारण आरटीजीएस प्रभावित भएको हो ।

राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आवको चैतमा २४ खर्ब ३७ अर्ब ४० करोड रुपैयाँ आरटीजीएसमार्फत कारोबार भएको छ । गत आवको चैत महिनामा ४३ खर्ब ४३ अर्ब ५८ करोड रुपैयाँ आरटीजीएसमार्फत कारोबार भएको थियो ।

# एनएमबी बैंक र स्मार्टच्वाइस टेक्नोलोजिजबीच सम्झौता

स्मार्ट च्वाइस टेक्नोलोजी (एससिटी) र एनएमबी बैंकबीच विभिन्न डिजिटल च्यानल सेवाहरू प्रयोग गर्ने सम्झौता भएको छ ।

सम्झौतामा स्मार्ट च्वाइस टेक्नोलोजीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र एनएमबी बैंकको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत सुदेश उपाध्यायले हस्ताक्षर गरे । ग्राहकलाई पूर्ण वित्तीय सेवा प्रदान गर्ने लक्ष्यलाई आत्मासाथ गर्दै बैंकले बदलिँदो वित्तीय प्राथमिकतालाई सम्बोधन गर्न विभिन्न प्रकारका समयसान्दर्विक योजनाहरू ग्राहकहरू माझ प्रस्तुत गर्दै आएको जनाएको छ ।

एससिटी र एनएमबी बैंकबीच भएको यस सम्झौताले ग्राहकलाई विभिन्न डिजिटल च्यानलहरू प्रयोग गर्न प्रोत्साहन गर्दै डिजिटल प्रणाली प्रयोगमा अभ्यस्त गर्नसमेत निर्णायक भूमिका खेल्न सक्ने बैंकले बताएको छ

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


# मौद्रिक नीतिको समीक्षाः यथार्थ वा दबाब

शंकरमान सिंह

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको नौ महिनाको समीक्षा हालै गरेको छ। उद्योग व्यवसाय धराशायी हुँदै गएको र देश नै आर्थिक रूपमा संकटमा पर्न लागेको अवस्थामा नेपाल राष्ट्र बैंकले गरेको मौद्रिक नीतिको यो समीक्षालाई निकै अर्थपूर्ण रूपमा हेरिएको छ।

देशमा हुने धेरैजसो आर्थिक गतिविधि मौद्रिक नीतिमा निर्भर रहने हुनाले उक्त समीक्षालाई उद्योगी( व्यवसायीले नै धेरै अर्थपूर्ण रूपमा हेरेका छन्। नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मुख्य उद्देश्यहरू रहेका छन्। उक्त उद्देश्यहरू हासिल गर्न नेपाल राष्ट्र बैंकले विद्यमान आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा आवश्यक मौद्रिक नीति तर्जुमा गरी सोको कार्यान्वयन गर्दै आएको छ।

मुलुकको उत्पादन तथा वितरण प्रणाली धेरै हदसम्म आयातमा आधारित रहेको छ। यसले गर्दा आर्थिक गतिविधि, व्यावसायिक वातावरण, मुद्रास्फीति र वित्तीय तथा समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर पर्न नदिन पर्याप्त विदेशी विनिमय सञ्चिति राख्नु अपरिहार्य रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। गत वर्षदेखि समग्र माग व्यवस्थापनका माध्यमबाट विदेशी विनिमय सञ्चिति जोगाउन अवलम्बन गरिएका नीतिको प्रभावस्वरूप बाह्य क्षेत्रमा सुधार भएको छ।

विदेशी विनिमय सञ्चितिमा भएको सुधारले आयात धान्ने क्षमता बढेको छ।

चालू आर्थिक वर्ष विप्रेषण आप्रवाहमा सुधार भएको छ। पर्यटन आय बढेको छ। आयात र व्यापारघाटाको आकार घटेको छ। गत वर्षको तुलनामा चालू खाता घाटामा उल्लेख्य सुधार आए तापनि यस्तो खाता भने अझै घाटामा नै रहेको छ। तर, पुँजी तथा ऋण आप्रवाहका कारण २०७९ असोजदेखि शोधनान्तर बचतमा रहन थालेको छ। शोधनान्तर बचतमा रहन सुरु भएसँगै बैंकिङ क्षेत्रको तरलता स्थितिमा सुधार भएको छ। फलस्वरूप आधार दर तथा ब्याजदरमा कमी आउन थालेको छ।

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको आकार केही मात्रामा बढ्न गएको छ। बैंकिङ क्षेत्रलक्षित गैरव्यावसायिक गतिविधिले निष्क्रिय कर्जा बढ्नुका साथै व्यावसायिक वातावरणमा समेत प्रतिकूल असर परेको छ। निष्क्रिय कर्जा वृद्धि हुँदा ब्याजदरमाथि चाप पर्नुका अतिरिक्त मुलुकको लगानी क्षमतामा समेत ह्रास आउन सक्छ। यस्ता गतिविधिलाई निरुत्साहित गर्न आवश्यक रहेको राष्ट्र बैंकले जनाएको छ।

विश्व अर्थतन्त्र सन् २०२२ मा ३.४ प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा २.८ प्रतिशत र सन् २०२४ मा ३ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ। त्यसैगरी विकसित अर्थतन्त्र सन् २०२२ मा २.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२३ मा १.३ प्रतिशत र सन् २०२४ मा १.४ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ। यहाँनेर उल्लेखनीय के छ भने व्यवसायीले मन्दी भनेर ठूलो हल्ला मच्चाएको भनेर प्रतिक्रिया दिँदै आएकोमा नेपाल राष्ट्र बैंकले पहिलो पटक मन्दीलाई स्वीकार गरेर पुनर्कर्जाको ढोका खुला गरेको छ।

कोभिडपश्चात् क्षमताभन्दा बढी पुनर्कर्जा दिँदै आएको नेपाल राष्ट्र बैंकले यसपालि केही सजगता अपनाएको छ। मन्दीमा गएको क्षेत्रलाई चलायमान बनाउन उसले कोषमा भएको रकम बराबर मात्र पुनर्कर्जा दिने भएको छ।

हाल साढे ६ अर्ब पुनर्कर्जा प्रयोगमा रहेको तथ्यांकले स्पष्ट गर्छ। नेपाल राष्ट्र बैंकको कोष करिब ५० अर्बको छ। नेपाल राष्ट्र बैंकले यो ५० अर्बको कोष प्रयोग गरेर मन्दीमा गएका क्षेत्रलाई उकास्नै खोजेको हो भन्ने अनुभूति हुन्छ। साधारणतः पुनर्कर्जाको ब्याज सस्तो हुन्छ। बजारमा अतिरिक्त ५० अर्ब आउँदा तरलता प्रवाहसँगै कर्जा(निक्षेप अनुपात (सीडी रेसियो) पनि कम हुन जाने निश्चित छ। हाल निर्माण क्षेत्र, उत्पादन क्षेत्र र थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ऋणात्मक छ।

बैंक तथा वित्तीय संस्थाहरूले भद्र सहमतिको नाममा सिन्डीकेट वा कार्टेलिङमार्फत घटाउँदै आएको ब्याजदर थप घटाउन नेपाल राष्ट्र बैंकले नीतिगत रूपमै दबाब दिएको देखिन्छ। हालै सार्वजनिक गरेको मौद्रिक समीक्षाले साढे ८ प्रतिशतको बैंक दरलाई साढे ७ प्रतिशतमा झारेको छ।

फलस्वरूप यसले सरकारी ऋणपत्रको ब्याज घटाउँछ भने बैंकहरूलाई सस्तोमा निक्षेप उठाउन दबाब सृजना गर्छ। साथै, नेपाल राष्ट्र बैंकले बैंकहरूलाई ऋण लगानीमा प्रोत्साहित गर्न पनि खोजेको छ। असार मसान्तपछि ऋणपत्रहरू सीडी रेसियोमा गणना गर्न नपाइने व्यवस्था थियो। यही कारण बैंकहरूले ऋण लगानी गरिरहेका थिएनन्। अब ऋण लगानीमा सघाउ पुग्ने गरी पुस मसान्तसम्म सीडीमा गणना गर्न पाइने सुविधा दिइएको छ।

विगतमा प्रवाह भएका होटल तथा रेस्टुरेन्ट, पशुपन्छी पालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा र ५ करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८० असार मसान्तभित्र पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने सक्ने सुविधा दिएको छ।

चालू पुँजी कर्जामा समेत राष्ट्र बैंक सकारात्मक बनेको छ। अल्पकालीन तथा चालू पुँजी प्रकृतिका कर्जाहरूलाई ब्याज नियमित रहेको अवस्थामा तीन महिनासम्मका लागि असार मसान्तभित्र म्याद थप गर्न सकिने सुविधा दिइएको छ। यसका लागि बैंकले कुनै हर्जाना वा शुल्क लिन पाउने छैनन्। लघुवित्तका ऋणीलाई पनि पुनर्संरचना र पुनर्तालिकीकरणका लागि सुविधा दिइएको छ।

अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले नेपालको अर्थतन्त्र अझै जोखिममा रहेकाले नीतिगत सावधानी अपनाउन सुझाव दिएको छ। नेपालको अर्थतन्त्रमा बाह्य जोखिम कायम रहेको अवस्थामा मौद्रिक नीतिलाई अझ खुकुलो पार्नेभन्दा पनि अझ बढी व्यवस्थित तुल्याउन आईएमएफले सुझाएको छ।

नेपालमा एक्स्टेन्डेड क्रेडिट फ्यासिलिटी (ईसीएफ) मार्फत सहुलियतपूर्ण ऋण परिचालन भएका कार्यक्रमको समीक्षापछि हालै आयोजित पत्रकार सम्मेलनमा आईएमएफका डेपुटी डिभिजन चिफले नेपालको आयात क्रमिक रूपमा बढेको अंवस्थामा मौद्रिक नीतिलाई खुकुलो बनाउने हो भने त्यसले अर्को समस्या ल्याउनेतर्फ सचेत हुनुपर्नेमा जोड दिए।

नेपाल राष्ट्र बैंकले घरजग्गा र सेयर बजारलाई प्रत्यक्ष रूपमा सम्बोधन गरेको भने छैन। नीतिगत दर घटाउँदै तरलता प्रवाह हुँदा सेयर बजारलाई त्यसको लाभ पुग्ने राष्ट्र बैंकका अधिकारीहरूले बताएका छन्। यता निर्माण क्षेत्रमार्फत घर कर्जालाई समेट्न खोजिएको छ।

केही व्यक्तिको मतअनुसार अर्थमन्त्रीको दबाबमा परेर गभर्नरले चाहिनेभन्दा बढी लचिलो नीति लिएको टिप्पणी गरेका छन्। अर्थमन्त्रीले अहिलेको संकट समाधानका लागि बजेटभन्दा पनि मौद्रिक नीति बढी जिम्मेवार रहने बताउँदै लचिलो मौद्रिक नीतिका लागि दबाब दिँदै आएका थिए। यसको परिणामस्वरूप प्रभाव आउने दिनमा देखिनेछन्।

मौद्रिक नीतिको कार्यदिशा र उपाय

चालू आर्थिक वर्षमा लिइएको कसिलो नीतिले अर्थतन्त्रमा बाह्य क्षेत्रको दबाब कम गराए पनि बैंकहरूको कर्जाप्रवाह, आयात(निर्यात, सरकारी राजस्व घट्नुका साथै आर्थिक गतिविधि सुस्त भएपछि पुनर्विचार गर्न केन्द्रीय बैंकलाई दबाब बढेको हो भन्नुमा अत्युक्ति नहोला। सरकारका अधिकारी र निजी क्षेत्रका उद्योगी(व्यवसायीद्वारा औपचारिक र अनौपचारिक माध्यमबाट मौद्रिक नीतिको कार्यदिशा परिवर्तन गर्न दबाब परेको थियो।

अर्थमन्त्रीले सार्वजनिक कार्यक्रम र संसद्मा नै पनि अर्थतन्त्रमा देखिएका समस्या वित्त नीतिले भन्दा मौद्रिक नीतिले सम्बोधन गर्नुपर्ने भन्दै राष्ट्र बैंकलाई दबाब दिएका थिए।

ईसीएफमार्फत परिचालन भएका कार्यक्रमको समीक्षापछि आईएमएफले ५ करोड २८ लाख अमेरिकी डलरबराबरको ऋण निकासा गर्ने घोषणा गरेको छ। आईएमएफको कार्यकारिणी समिति बैठकले ईसीएफअन्तर्गतको ऋण निकासा दिने निर्णय गरेको थियो।

सरकारी क्षेत्र बिस्तारै खुल्दै गएकाले उद्यमीलाई कर्जा दिएपछि सिमेन्ट, स्टिल, रडजस्ता उद्योग चल्ने विश्लेषण भइरहेको छ। त्यसैगरी संस्थागत लगानीकर्ता विशेष गरी बैंक तथा वित्तीय संस्थाको सेयर बजारप्रतिको रणनीतिमा अलिकति परिवर्तन गरी कारोबार सीमा पुनरावलोकन गर्न आवश्यक छ। उत्पादनशील क्षेत्रमा लगानी गर्ने उद्योगी तथा साना व्यवसायीलाई ऋण र ब्याज तिर्न सहजीकरण गर्न सरकार चाहन्छ। गभर्नर अधिकारीले केही विषयमा आफू लचिलो हुने पनि बताएका छन्। राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागले मौद्रिक नीतिको सम्पूर्ण 'रूपरेखा' तयार गरिसकेको र केही दिनभित्रै सार्वजनिक गर्ने स्रोतले जनाएको छ।

छिमेकी मुलुक भारतमा झैं मौद्रिक नीति समिति गठन गर्न किन सक्दैन नेपाल राष्ट्र बैंक ? नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको गठन प्रक्रिया तथा सञ्चालक समितिको काम, कर्तव्य र अधिकारबारे सरसरी हेर्दा नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकमा सात सदस्यीय सञ्चालक समिति रहने व्यवस्था गरेको छ।

सो ऐनको दफा १४ मा नेपाल राष्ट्र बैंकमा देहायका सदस्य भएको एउटा सञ्चालक समिति रहने व्यवस्था छ, जसअनुसार गभर्नर अध्यक्ष, सचिव, अर्थ मन्त्रालय सदस्य, दुई जना डेपुटी गभर्नर सदस्य, आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय तथा वाणिज्य कानुनको क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेका तीन जना सञ्चालकमा सातै जनामध्ये एक जनाबाहेक राष्ट्र बैंकका हालका र पूर्वकर्मचारी छन्। निजी क्षेत्र र ऐनले परिलक्षित गरेका व्यक्तिको प्रतिनिधित्व नभएको निजी क्षेत्रको भनाइ छ।

चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा विदेशी विनिमय बजारमा विदेशी मुद्राको खरिद गरी ५ सय ५७ अर्ब ८१ करोडबराबरको तरलता प्रवाह भएको छ। गत वर्षको यसै अवधिमा विदेशी मुद्राको खरिदमार्फत २ सय ३ अर्ब ९ करोड खुद तरलता प्रवाह भएको थियो।

ब्याजदरको स्थिति

मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइएको बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तर( बैंक दर २०७८ चैतमा ६.९९ प्रतिशत रहेकोमा २०७९ चैतमा ७.०१ प्रतिशत कायम भएको छ।

सन् २०२३ भरि विश्व अर्थतन्त्र शिथिल रहने प्रक्षेपण रहेको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले अप्रिल, २०२३ मा सार्वजनिक गरेको प्रक्षेपणअनुसार विश्व अर्थतन्त्र र विकसित एवम् उदीयमान अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा थप कमजोर हुने र सन् २०२४ मा सीमान्त रूपले मात्र सुधार हुने देखिएको छ। विकसित मुलुकको वित्तीय क्षेत्रले सामना गर्नुपरेको दबाबका कारण विकसित एवम् उदीयमान अर्थतन्त्र प्रभावित भएको हुँदा यी अर्थतन्त्रका साथै विश्व अर्थतन्त्रको आर्थिक वृद्धिदर जनवरी, २०२३ मा गरिएको प्रक्षेपणभन्दा कम रहने प्रक्षेपण कोषले गरेको समेत यहाँ प्रासंगिक हुन्छ।

साथै, नेपाली मुद्रा भारतीय मुद्रासँग पेग गरिएको अवस्थामा नेपालले कसरी स्वतन्त्र मौद्रिक नीति निर्माण गर्न सक्छ भन्ने आम चासो हो। नेपाल राष्ट्र बैंक स्वतन्त्र निकाय र सरकारको सल्लाहकार भएकाले वित्तीय नीतिमा ठाउँ छैन भनी खुला मौद्रिक नीतिबाट भविष्यमा संकटको सामना गर्नु नपरोस् भन्ने आमधारणामा समेत जोड दिनुपर्नेछ।

लामो समयको धैर्यतापछि मुलुकको अर्थतन्त्र संकटग्रस्त अवस्थामा रहेका बेला तातोपानी नाकाले विभिन्न अप्ठ्यारा, अवरोधहरू पार गर्दै, विभिन्न चुनौतीको सामना गर्दै, कूटनीतिक सम्बन्धलाई मजबुत बनाई यो नाका सञ्चालनमा आएको छ। हामी सबैले गौरव गर्नैपर्छ। राजधानी दैनिक

## अवैध लागूऔषधसहित पक्राउ

बर्दिया, गुलरिया नगरपालिका ९ गोडियनपुरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ सय ६० मिलिग्रामसहित २ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा गुलरिया नगरपालिका ९ टेपरी बस्ने ३० वर्षीय अवदेश यादव र भारत घर भएका २३ वर्षीय दिपक कुमार पासवान रहेका छन्। जिल्ला प्रहरी कार्यालय बर्दिया र ईलाका प्रहरी कार्यालय मथुराबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको युपि ४० आर ३४१५ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

बाँके, नेपालगंज उपमहानगरपालिका १५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ९ ग्रामसहित सोही उपमहानगरपालिका( ४ देवाफुलबारी बस्ने २८ वर्षीय साद्दव खाँनलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

मोरङ, सुनवर्षी नगरपालिका ८ सिक्टीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २ सय ९० मिलिग्रामसहित २ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत घर भएका २२ वर्षीय निर्मल कुमार सिंह र १९ वर्षीय धिरज कुमार सिंह रहेका छन्। प्रहरी सिक्टीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर ३८ एस ०३८३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

कैलाली, टीकापुर नगरपालिका १ सतघरुवा बस्ने २८ वर्षीय प्रकाश चौधरीसमेत ३ जनालाई अवैध लागूऔषध खैरो बाँकी ६ पृष्ठमा

# खेलकुद

## सिन्धुपाल्चोक क्रिकेट सङ्घको तदर्थ समिति गठन

सिन्धुपाल्चोक। क्रिकेट खेलको विकाससँगै सम्भावनायुक्त खेलाडी उत्पादन गर्ने उद्देश्यले पहिलोपटक सिन्धुपाल्चोक क्रिकेट सङ्घको तदर्थ समिति गठन भएको छ। मेलम्चीमा शनिबार सम्पन्न भेलाले विजयकुमार धितालको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरेको छ। नवगठित अन्य पदाधिकारीमा उपाध्यक्ष राजन धिताल, सचिव अजयकुमार धिताल, कोषाध्यक्ष राजु सापकोटा, सदस्यमा विजेश श्रेष्ठ, प्रकाश सापकोटा, रुद्रशरण श्रेष्ठ, दिलीप लामा, सागर खड्का, सन्तोष चौलागाईं, अनिलकुमार धिताल रहेका छन्। मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले पछिल्लो समय क्रिकेटले पाइरहेको सफलताले देशले गर्व गर्ने वातावरण बनेको बताउनुभयो। क्रिकेट खेललाई प्रोत्साहन गर्न आगामी दिनमा उपयुक्त मैदान निर्माण गरेर प्रतियोगिता आयोजना गर्न तथा क्रिकेट खेलको विकासका लागि सहकार्य गर्ने उहाँले जानकारी दिनुभयो।

यस्तै क्रिकेट खेललाई सिन्धुपाल्चोकमा स्थापित गर्न सुरुआतदेखि नै सहयोग गर्दै आउनुभएका पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामाले नवगठित तदर्थ समितिलाई बधाई दिँदै क्रिकेट खेलको विकाससँगै खेलमैदान निर्माणमा आवश्यक पहल र सहकार्य गर्न तत्पर रहेको जानकारी दिनुभयो। उहाँले सिन्धुपाल्चोक क्रिकेट सङ्घले जिल्लामा क्रिकेट खेललाई स्थापित गरेर देशले गर्व गर्ने खेलाडी उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो। साथै क्रिकेट खेलको विकासका लागि निरन्तर सहयोग गर्नेसमेत प्रतिबद्धता व्यक्त गर्नुभयो। नवगठित तदर्थ समितिका अध्यक्ष धितालले सिन्धुपाल्चोक क्रिकेट सङ्घको तदर्थ समिति गठनपश्चात क्रिकेट खेललाई आधिकारिकरूपमा जिल्लामा स्थापित गर्न गोरेटो बाटो निर्माणको सुरुआत भएको बताउनुभयो। नेपाली क्रिकेट जगत्ले एकपछि अर्को सफलता हात पार्दै जाँदा यसको लोकप्रियता पनि बढ्दो छ। पछिल्लो समय क्रिकेटलाई बुझेर माया गर्ने दर्शकको साथ पनि उल्लेख्य वृद्धि भएको छ।

## ए डिभिजन लिग फुटबलमा चर्च ब्वाइज र एपीएफ विजयी

चर्च ब्वाइज युनाइटेड क्लब शहीद स्मारक 'ए' डिभिजन लिग फुटबलको शीर्ष स्थानमा उक्लिएको छ। एन्फा कम्लेक्समा भएको खेलमा चर्च ब्वाइज युनाइटेडले मच्छिन्द्र क्लबलाई २-१ गोलले हरायो। चर्च ब्वाइजका लागि अञ्जन विष्टले एक गोल गरे। त्यस्तै अर्को गोल आत्मघाती भएको थियो। मच्छिन्द्रका लागि ओमोलाजा करीमले एक गोल फर्काए। यो जितसँगै चर्च ब्वाइज ३० अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। मछिन्द्र २४ अङ्कका साथ चौथो स्थानमा कायमै छ। दशरथ रङ्गशालामा भएको खेलमा सशस्त्र प्रहरीको एपीएफ क्लबले त्रिभुवन आर्मीलाई ३-० गोलले हरायो। एपीएफका लागि आवास लामिछाने, नवीन लामा र अर्मान्ड बेडमले १/१ गोल गरे। जितपछि एपीएफ २२ अङ्कसहित तालिकाको छैटौं स्थानमा पुगेको छ। २१ अङ्क रहेको आर्मी सातौं स्थानमा छ।

## टि-२० विश्वकप एसिया छनोट नेपालमा हुने

नेपालले टि-२० विश्वकप एसिया क्षेत्र छनोट चरणको प्रतियोगिता गर्ने भएको छरु। अमेरिका र वेस्ट इन्डिजले सन् २०२४ को जुनमा आयोजना गर्ने टी-२० विश्वकप क्रिकेटका लागि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले नेपाललाई एसिया क्षेत्रको छनोट चरणको प्रतियोगिता आयोजना गर्न दिएको हो। नेपालले नोभेम्बरमा एसिया क्षेत्र छनोटको खेल आयोजना गर्ने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दका




अनुसार आईसीसीले नेपाललाई एसिया क्षेत्रको छनोट चरणको प्रतियोगिताको आयोजना अधिकार दिएको छ। यसअघि पूर्वाधारका कारण नेपालले ठूला प्रतियोगिता आयोजना गर्न पाएको थिएन। छनोट खेल कीर्तिपुर र मुलपानी मैदानमा हुनेछ। एसिया छनोटमा नेपालसहित, युएई, ओमान, हङकङ, बहराइन र सिंगापुरले प्रतिस्पर्धा गर्नेछन्रु। बाँकी दुई देश छनोट चरण पार गरेर आउनेछन्। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिनेछ। हरेक समूहको शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछरु। फाइनल पुग्ने टोलीले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकपमा स्थान बनाउने छन।

## मच्छिन्द्रले पुछारको खुमलटारलाई हरायो

शहीद स्मारक ए डिजिजन लिग फुटबलमा मच्छिन्द्र फुटबल क्लबले पुछारको एफसी खुमलटारलाई हराएको छ। सोमवार एन्फा कम्प्लेक्सको मैदान सातदोबाटोमा भएको खेलमा मच्छिन्द्रले खुमलटारलाई ३-० गोलले हरायो। मच्छिन्द्रका ओलावाले अफिजले दुई र आन्द्रेस नियाले एक गोल गरे। जितसँगै मच्छिन्द्र ३० अङ्कका साथ तालिकाको तेस्रो स्थानमा यथावत् छ। खुमलटार १७ अङ्कसहित पुछारमा छ। यस्तै दशरथ रङ्गशालामा भएको खेलमा सङ्कटा क्लब र हिमालयन शेर्पा क्लबले १-१ गोलको बराबरी खेलेका छन्। हिमालयन शेर्पाका म्यानुयोल नाना र सङ्कटाका आयुष घलानले गोल गरे। हिमालयन शेर्पा २२ अङ्कसहित तालिकाको नवौं र सङ्कटा २१ अङ्कसहित ११ औं स्थानमा छ। १४ टोली सहभागी लिगको पुछारका दुई वटा टोली रेलिगेशन जोनमा परेर 'बी' डिभिजनमा घटुवा हुनेछन्।

## टोप........

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्व गृहमन्त्री बालकृष्ण खाणसहित १२ जनालाई थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाण्डौले प्रहरीलाई अनुमति दिएको छ ।

भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै नेपाली नागरिकबाट रकम असुलेको आरोपमा पक्राउ परेका पूर्व गृहमन्त्री खाणसहितका १२ जनामाथिको अनुसन्धान नसकिएको भन्दै जिल्ला प्रहरी परिसर काठमाण्डौले थप समय हिरासतमा राख्न अनुमति मागेको थियो ।

## भ्रष्टाचार......

भयो । उहाँले राजनीतिको परिभाषा नै पैसा कमाउने हो भन्ने प्रवृत्ति देखिएकाले यस्तो प्रवृत्ति चिर्न आवश्यक रहेको बताउनु भयो । प्रदर्शनमा सहभागी ऋतु खड्काले देश विकास हुन नसक्नुको कारण भ्रष्टाचार रहेको उल्लेख गर्दै प्रमाण बाहिर आउँदा पनि कसरी मानिस फरार हुन्छ भन्ने मुख्य प्रश्न रहेको बताउनु भयो ।

त्यस्तै, प्रदर्शनमा सहभागी भावना राउतले नागरिकले देश र नागरिकको लागि काम गर्छौं भन्ने नेताहरु नै भ्रष्टाचारी बनिरहेकाले सबै नागरिकले आवाज उठाउनुपर्ने बताउनु भयो ।

## हेटौडा.......

दिनुभयो ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, झरना साहित्यिक परिवार मकवानपुर का संरक्षक जनार्दन खनाल, नेपाली भाषा शिक्षक समिति मकवानपुर अध्यक्ष केशव सञ्जेल, साहित्य सङ्गम मकवानपुर अध्यक्ष अनिता न्यौपाने, नेपाली लेखक सङ्घ अध्यक्ष छवि अनित्य,आधुनिक नेपाली गजल अभियान संयोजक यमन देव उत्प्रेरक, मुक्तक मञ्च मकवानपुर अध्यक्ष डिबी बर्तौला, गजलकार देवराज तिवारी, समाजसेवी मुक्तिगोविन्द वैद्य, कृष्ण प्रसाद सञ्जेल, समाजसेवी राजु सञ्जेललगायतको उपस्थिति रहेको थियो । संस्थाका अध्यक्ष विश्वनाथ सञ्जेलको सभाध्यक्षतामा भएको कार्यक्रममा गायत्री रुपाखेतिले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सहजीकरण संस्थाका सचिव मसान उपासकले गर्नुभएको थियो ।

## उडेको......

वर्णनको वेलीविस्तार छ, त्यसभित्र वस्तुस्थितिको समीक्षा पनि छ । सन्दर्भअनुसार सटीक दृष्टिकोण पनि आएका छन्, प्रसङ्गअनुसार तुलनात्मकता पनि छ । सरल र सहज शैलीमा कोमल विश्लेषण पनि छ । कतै भूगोल, कतै प्रकृति, कतै खानपिन, कतै रहनसहन, कतै जनजीवनको चित्रण छ । प्रत्येक यात्रा वा घटना रोचक, प्रेरणाप्रद, नौला र अनौठा छन् । जापान र अमेरिकाका विशेष पर्यटकीय परिवेशको इतिवृत्त, प्रकृति, संस्कृति र रहनसहनको परिचयात्मक प्रस्तुति पनि छ तर नियात्रामा आवश्यक निजात्मक अनुभूतिको प्राचुर्यमा भने न्यूनता छ । बिम्बात्मक प्रस्तुतिको छनकको कमी तथा सन्देशमूलक कथन, विचार र दर्शनको शून्यताजस्तो रहे पनि सिलसिलाबद्ध सुशृङ्खल अभिव्यक्ति, वर्णनको कौशलता, कथ्यको सुरम्यता र रोचकताले नियात्राले उत्कृष्टपन दर्शाएकै छ । नियात्राको परम्प्रामा आएको यो उभारलाई धन्य भन्नैपर्छ ।

अन्त्यमा अति विपन्न मुलुकका नागरिकले अति सम्पन्न मुलुकको भ्रमण गर्दा नयाँ अनुभवहरू सँगाल्नु ठूलै सौभाग्यको कुरा हो । यात्रामा खर्चिएको समग्र द्रव्यराशि यस कृतिको प्रकाशनबाट असुलउपर भएको जनाउँदै कृतिकारलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

भरतपुर-१२, चितवन

## अवैध.....

हेरोइन जस्तो देखिने पदार्थ करिब १ ग्राम ८० मिलिग्रामसहित आइतबार राति प्रहरीले पक्राउ गरेको छ । चौधरीको घरमा लागूऔषध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । यसैगरी कैलाली, टीकापुर नगरपालिका १ स्थित सडकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब २ सय ९० मिलिग्रामसहित सोही नगरपालिका १ ज्योतीनगर डेरा गरी बस्ने अछाम विनायक पञ्चदेवल नगरपालिका ७ पुल्यतोला घर भएका १८ वर्षीय किशोरलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

# हेटौंडा बजार क्षेत्रको सडक विस्तार

हेटौंडा । लामो समयदेखि पूर्व-पश्चिम राजमार्गको हेटौंडा बजार क्षेत्रको सडक विस्तार हुन सकेको छैन । सडक विस्तार नहुँदा सवारी चापका कारण दुर्घटनाको जोखिम उच्च छ । साँघुरो सडकका कारण बजार क्षेत्रको सुन्दरता हराउँदै गएको छ । बजार क्षेत्रमा सवारी पार्किङ अस्तव्यस्त अवस्थामा रहेको छ भने पैदलयात्रीका लागि उपयुक्त सडक पेटी पनि छैन ।

सडक विस्तारमा सङ्घीय सरकारको चासो पर्न सकेको छैन । सङ्घीय सरकार मातहत रहेको राजमार्ग क्षेत्रको सडक विस्तारमा हेटौंडा उपमहानगरपालिकाले पटक पटक गरेको पहल पनि व्यर्थभैं बनेको छ । सङ्घीय सरकारले यस विषयमा उचित निर्णय नगर्दा उपमहानगरपालिकाले आफ्ना विकासे योजना पर्याप्त मात्रामा कार्यान्वयन गर्न सकेको छैन । हेटौंडा बजारबाट पश्चिमतर्फ राप्ती पुल पारि हेटौंडा-११, थानाभर्याङदेखि मनहरी गाउँपालिकाको लोथरसम्म (करिब ४० किलोमिटर) सडकमा २५ मिटर विस्तार गर्न कुनै अवरोध छैन । ती स्थानमा सडक सीमा क्षेत्रको अवरोध हटिसकेका छन् भने हेटौंडा-१५, रातोमाटेदेखि बाराको अमलेखगञ्ज-पथलैयासम्म पनि बिनाअवरोध सडक विस्तार हुने अवस्था छ । पछिल्लो समय हेटौंडा बजार क्षेत्रको सडक विस्तारका लागि हेटौंडा उपमहानगरपालिकाले सक्रियता बढाएको छ । उपमहानगरपालिकाले सडक विस्तारमा विगतदेखि नै पहल गर्दै आएको भए पनि सङ्घीय सरकारको चासो नपर्दा समस्या ब्यहोर्दै आएको थियो । तर हेटौंडा उपमहानगरपालिकाले सडक क्षेत्रमा निर्माण गरिएको अस्थायी घर टहरा र सडक पेटी खाली गराउने कार्य सुरु गरेको छ । उपमहानगरपालिकाले सडक क्षेत्र अतिक्रमण गरेर निर्माण गरिएको भवनहरू पनि भत्काउन सुरु गरेको छ । हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामाका अनुसार सडक विस्तार गर्ने योजना सफल हुन नसक्दा हेटौंडा बजारको सौन्दर्य बिग्रँदै गएकाले अतिक्रमित संरचना भत्काउन सुरु गरिएको हो । हेटौंडा बजार क्षेत्रमा २५ मिटर चौडा सडक विस्तार गर्ने कार्य अघि बढाउन सडक डिभिजन कार्यालय मकवानपुरसँग समन्वय र सहकार्यसमेत भइरहेको उनले बताइन् । कुनै पनि अवस्थामा हेटौंडा बजार क्षेत्रको सडक विस्तार हुने उनको भनाइ छ । सडक विस्तारकै योजनाअनुसार अनधिकृत संरचना हटाउन सुरु गरिएको उनले जानकारी दिइन् ।

यस्तो छ हेटौंडाको सडक विस्तारको विगत

हेटौंडा बजार क्षेत्रमा पहिलो पटक सडक विस्तारका लागि वि.सं. २०७३ पुस १४ गते डोजर चलेको थियो । ५२ वर्षअघि वि.सं २०२१ सालमा पूर्व-पश्चिम राजमार्ग अन्तर्गतका क्षेत्रहरूमा सडकका बीचबाट दायाँबायाँ २५-२५ मिटर फराकिलो बनाउने घोषणा भएको थियो ।

सोहीअनुसार २०२१ देखि २०३४ सम्मको १३ वर्षको अवधिमा उक्त क्षेत्रका संरचना भत्काउँदा मात्रै क्षतिपूर्ति दिन सर्वोच्चले आदेश दिएको थियो । सोहीअनुसार केही घरहरूको मुआब्जा पनि वितरण गरेर सडक क्षेत्र खाली गराइएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ ।

यसबीचमा सडक विस्तारमा खासै काम हुन सकेन । सो अवधिमा हेटौंडा बजार क्षेत्रमा सवारी चाप कम थियो, बस्तीहरू पातला थिए । जसले गर्दा सडक विस्तारमा कसैको पनि चासो गएन । सडक डिभिजन कार्यालय मकवानपुरले २०६९ भदौ १५ गते २५ मिटर चौडाइ सडकमा अतिक्रमित संरचना हटाउन १५ दिने सूचना जारी गरेको थियो । तर उक्त सूचनाको विरुद्धमा सर्वोच्च अदालतमा रिट पर्यो । तत्कालीन मध्यमाञ्चल क्षेत्रीय प्रशासक विनोद केसीको पहलमा सुरु भएको सडक विस्तार अभियान राजनीतिक दलको दबाब तथा सर्वोच्चको 'स्टे अर्डर'का कारण रोकियो । केसीको पहलमा हेटौंडा बजार क्षेत्रका केही घरहरू पनि भत्काइयो । सरकारी सङ्घ संस्थाले आफ्नो कार्यालयको क्षेत्र सडक सीमाअनुसार भित्र सारे । तर मुख्य बजार क्षेत्रमा भने सडक विस्तार हुन सकेन । बजार क्षेत्रमा सडक सीमाभित्र रहेका घरहरू अझै पनि उस्तै छन् ।


सर्वोच्चमा परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले २०७६ कात्तिक ६ गते परमादेश जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको थियो । २०३४ पछि निर्माण भएका २५ मिटरमा पर्ने कुनै पनि संरचना भत्काउँदा सरकारले क्षतिपूर्ति दिन नपर्ने आदेशमा भनिएको थियो । महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ अन्तर्गत पर्ने सडक विस्तार गरी दायाँबायाँ २५/२५ मिटर कायम गर्ने सरकारको निर्णयपछि हेटौंडाको मुख्य बजारबाट राजमार्गलाई डाइभर्ट गरी रातोमाटेदेखि राप्ती पुल र राप्तीपुलदेखि चौकीटोलसम्मको सडकलाई बाइपासका रूपमा प्रयोग गर्ने योजना बनाइएको थियो ।

उक्त योजना बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले अघि सारेका थिए । उनकै योजनाअनुसार बाइपास सडक निर्माणका लागि सङ्घ सरकारसँग २०७३ सालबाटै लबिङ भइरहेको थियो । बाइपास सडक योजनाअनुसार हेटौंडा बजार क्षेत्रको सडक १६-१६ मिटर कायम गर्न सकिनेसमेत भनिएको थियो । त्यसका लागि स्थानीयवासीले पनि बिनामुआब्जा सरकारलाई सडक विस्तारमा सघाउने भनिएका थिए ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## अन्तराष्ट्रिय समाचार

### पर्यटक भिसा रहेकालाई हज यात्रामा सहभागी हुन नदिने साउदी सरकारको निर्णय

साउदी अरेबियाले पर्यटक भिसामा आउनेहरू हज यात्रामा सहभागी हुन नपाउने बताएको छ । साउदीको हजा तथा उमरा मन्त्रालयले विज्ञप्ति निकालेर पर्यटन भिसामा आएकाहरू हज यात्रामा सहभागी हुन नपाउने बताएको हो । यस्तै मन्त्रालयले हज यात्रामा सहभागी हुने व्यक्ति र गाडी दुवैका लागि अनुमति अनिवार्य गरेको पनि जनाएको छ । साउदी अरेबियाले जुन २६ देखि हज यात्रा सुरु गर्ने तयारी गरेको छ । साउदी अरेबियाले हरेक देशका लागि हज यात्रीको कोटा निर्धारण गरेको छ । यस वर्ष सबैभन्दा धेरै इन्डोनेसिया र त्यसपछि पाकिस्तान, भारत, बङ्गलादेश, नाइजेरिया, इरानलगायतका देशले बढी कोटा पाएका छन् । कोरोना महामारी सुरु हुनुअघि साउदी अरेबियाले हज यात्राबापत वर्षमा ३० अर्ब अमेरिकी डलर राजस्व सङ्कलन गर्दै आएको थियो । कोरोनापछि भिडभाड घटाएको साउदी सरकारले अघिल्लो वर्षदेखि कोटा बढाएको छ । मुस्लिमहरूले पवित्र तीर्थका रूपमा जीवनमा कम्तीमा एक पटक हज यात्रा गर्ने प्रयास गर्दछन् ।

### पाकिस्तानको कोइला खानीमा विवाद, १६ जनाको मृत्यु

पाकिस्तानको कोहट सहरमा कोइला खानी विवादमा दुई आदिवासी समुदायबीच झडप हुँदा १६ जनाको ज्यान गएको छ । कोहटमा रहेको कोइलाखानी विवादले हिंसात्मक रूप लिँदा उनीहरुको ज्यान गएको कोहट प्रहरी कार्यालयलाई उद्धृत गरी समाचार संस्था एएनआईले जनाएको छ । खानीको सीमाङ्कनका बारेमा आदिवासी जनजाति समूहबीच झडप भएको थियो । बुलन्दरी पहाडको सीमाङ्कनलाई लिएर सुनिखेल र अखोरवाल जातिबीच लामो समयदेखि विवाद छ । दुवै पक्षले आफ्नो अडान नछाडेपछि घटना भएको प्रहरी कार्यालयले जनाएको छ ।

### चीनले जासुसी गरेको आरोपमा ७८ वर्षीय अमेरिकीलाई आजीवन कारावास सजाय सुनायो

चीनको अदालतले जासुसी गरेको आरोपमा ७८ वर्षीय एक अमेरिकी नागरिकलाई आजीवन कारावासको सजाय सुनाएको छ । अमेरिकी पासपोर्ट धारक जोन शिङ्ग वान लेउङलाई जेल सजाय तोकिएपछि बेइजिङ र वाशिङटनबीचको सम्बन्धलाई थप तनाव उत्पन्न हुने सम्भावना बढेको छ । चीनको पूर्वी सहर सुझोउमा रहेको एउटा अदालतले निकालेको विज्ञप्तिमा भनिएको छ, 'हडकडका स्थायी बासिन्दा लेउङलाई जासुसी गरेको अभियोगमा दोषी ठहर गरिएको छ । उहाँलाई आजीवन कारावासको सजाय सुनाइएको छ र आजीवन राजनीतिक अधिकारबाट वञ्चित गरिएको छ । सन् २०२१ को अप्रिलमा सुझोउका अधिकारीहरूले ७८ वर्षीय लेउडविरुद्ध 'कानुनी कदम चालेका' विज्ञप्तिमा जनाइएको छ । पक्राउ पर्दा लेउड कहाँ बस्थे आउनुभएको थियो भन्ने स्पष्ट भइसकेको छैन । बेइजिङमा रहेको अमेरिकी दूतावासका प्रवक्ताले सुझोउमा भर्खरै एक अमेरिकी नागरिकलाई दोषी ठहर गर्दै सजाय सुनाइएको खबरबारे आफूहरू जानकार रहेको बताउनुभयो । विदेश मन्त्रालयका प्रवक्ताले भन्नुभयो, 'विदेश मन्त्रालयले विदेशमा रहेका अमेरिकी नागरिकको सुरक्षाभन्दा ठूलो प्राथमिकता अरू केही छैन । गोपनीयताको विचारको कारण हामीसँग थप टिप्पणी छैन ।' अदालतको बयानले आरोपहरूको बारेमा थप विवरण दिएको छैन । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले सोमबार नियमित पत्रकार सम्मेलनमा यस विषयमा थप टिप्पणी गर्न अस्वीकार गर्नुभयो ।

### भारतको कर्नाटक राज्यमा कांग्रेसको १ सय ३६ सिट

भारतको कर्नाटक राज्यमा भारतीय राष्ट्रिय काङ्ग्रेसले स्पष्ट बहुमत ल्याएको छ । दुई सय २४ सदस्यीय विधानसभामा बहुमतका लागि एक सय १३ सिट आवश्यक पर्नेमा काङ्ग्रेसले एक सय ३६ सिट जितेको छ । सत्तामा रहेको भारतीय जनता पार्टी (भाजपा) ६५ सिटमा खुम्चिएको छ । सत्तारुढ भाजपाले हार स्वीकार गरेको बीबीसी हिन्दीले जनाएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले कर्नाटक राज्यमा बहुमत हासिल गरेकोमा काङ्ग्रेसलाई बधाई दिनुभएको छ ।

### पाकिस्तानका पूर्व मानवअधिकार मन्त्री मजारी पक्राउ

पाकिस्तानका पूर्व मानवअधिकार मन्त्री शिरिन मजारीलाई प्रहरीले पक्राउ गरेको छ । पाकिस्तान तहरिक-ए-इन्साफले पार्टीकी वरिष्ठ नेता मजारी पक्राउ परेको जनाएको छ । उहाँलाई इस्लामाबाद पुलिसले घरबाटै पक्राउ गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् ।

सुरक्षा निकायले मजारी पक्राउ पर्नुको कारण खुलाएको छैन । यसअघि बुधबार बेलुका पूर्व विदेशमन्त्री एवं पाकिस्तान तहरिक-ए-इन्साफका नेता शाह महमूद कुरैशी पक्राउ पर्नुभएको थियो । गएको मङ्गलवार पूर्व प्रधानमन्त्री इमरान खान पक्राउ परेपछि पाकिस्तानमा प्रदर्शन भइरहेको छ । पाकिस्तानको सर्वोच्च अदालतले हिजो खानको गिरफ्तारीलाई अवैध बताउँदै इस्लामाबाद उच्च अदालतमा पेस हुन भनेको थियो । उहाँ आज उच्च अदालतमा हाजिर हुने खबरमा उल्लेख छ ।

### यौन दुर्व्यवहार सम्बन्धी मुद्दामा अमेरिकी पूर्व राष्ट्रपति ट्रम्प दोषी ठहर

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प यौन दुर्व्यवहार सम्बन्धी एक मुद्दामा दोषी ठहर हुनुभएको छ । उहाँलाई न्यूयोर्कको एक अदालतले यौन दुर्व्यवहारमा दोषी ठहऱ्याउँदै पीडितलाई क्षतिपूर्ति बापत ५० लाख डलर दिनुपर्ने फैसला सुनाएको छ । एक म्यागेजिनकी लेखिका ई. जीन केरलले सन् १९९० मा ट्रम्पले आफूलाई यौन दुर्व्यवहार गरेको आरोप लगाउनुभएको थियो । साथै उहाँले ट्रम्पमाथि आफ्नो मानहानी गरेको आरोप समेत लगाउनुभएको थियो । यो मुद्दामा पूर्व राष्ट्रपति ट्रम्पलाई अदालतले दोषी ठहऱ्याएको बीबीसीले जनाएको छ । तर अदालतले जीन केरलले लगाएको बलात्कार आरोपमा भने ट्रम्पलाई दोषी ठहऱ्याएको छैन । ट्रम्पले अदालतको फैसलामा असन्तुष्टि जनाउनुभएको छ । साथै उहाँले फैसलाविरुद्ध अपिल गर्ने प्रतिक्रिया दिनुभएको छ । पोर्न स्टार स्टोर्मी डेनियल्सलाई पैसा दिएर दबाबमा राखेको अभियोगमा ट्रम्पमाथि अर्को फौजदारी मुद्दा पनि छ ।

७६ वर्षका ट्रम्पमाथि अवैध तरिकाले अर्बौं डलरको सम्पत्ति जम्मा गरेको, ह्वाइटहाउसबाट महत्वपूर्ण कागजात गायब पारेको, राष्ट्रपति चुनावको परिणाम अस्वीकार गर्दै आफ्ना समर्थकलाई संसद भवनमा आक्रमणका लागि उक्साएकोलगायतका आरोप पनि छन् ।

# अभियान पुरस्कार सम्मान तथा स्मारिका विमोचन सम्पन्न

अभियान साहित्य कलाकार समाजको आयोजनामा शनिबार विशिष्ट व्यक्तित्वहरू सम्मानित हुनुभएको छ ।

बैशाख ३० गते शनिबार शंखधर पार्टी प्यालेसमा आयोजित अभियान पुरस्कार, सम्मान तथा स्मारिका विमोचन कार्यक्रममा विभिन्न स्रष्टा, कलाकार र समाजसेवी सम्मानित हुनुभएको हो ।

उक्त समारोहमा संस्थाको वार्षिक उत्सवको अवसरमा प्रकाशन गरिएको "अभियान स्मारिका २०८०" को विमोचन गरिएको थियो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई प्रमुख अतिथि रहनु भएको कार्यक्रममा वरिष्ठ हास्य व्यङ्ग्यकार कृष्ण मुरारी गौतम चट्याङ मास्टर, प्राज्ञ चेतनाथ धमला, समाजसेवी हरि प्रकाश पुडासैनी, वरिष्ठ कलाकार देशभक्त खनाल, वरिष्ठ हाँस्यब्यङ्ग्यकार डम्बर घिमिरे, मानव अधिकार एलायन्स भक्तपुरका अध्यक्ष पुरुषोत्तम श्रेष्ठ मानवीय आस्था नेपालकी महासचिव उत्तरा नेपाल समाजसेवी राजन ढुङ्गेल, साहित्यकार रामेश्वर कलाकार देशभक्त खनाल त्यसैगरी यस वर्षको "अभियान समाज सेवा सम्मान २०८०" समाजसेवी राजन ढुङ्गेल र "अभियान साहित्य सम्मान २०८०"बाट बाल साहित्यकार रामेश्वर राउत "मातृदास" सम्मानित हुनु भएको थियो । त्यसैगरी यस वर्षको "विशेष योगदान सम्मान२०८०" बाट रमेश घिमिरे सम्मानित हुनु भयो ।

यसैगरी मध्यपुर थिमि नगरपालिका ३ नम्बर वडालाई विशेष कदरपत्र प्रदान गरिएको थियो । अभियान स्मारिका २०८० को विषयमा डा. रमेश शुभेच्छुले समीक्षा गर्नु भएको थियो भने युवा साहित्याकार तथा प्रधान सम्पादक घनश्याम गौतमले स्मारिका प्रकाशन गर्दाका कठिनाई र चुनौती प्रशस्त भए पनि साहित्यको भोकले लेखक र कलाकार कहिल्यै नथाक्ने र कहिल्यै नअघाउने बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य दिँदै उपाध्यक्ष खगेन्द्रप्रसाद गुरागाईंले बामे सर्न लागेको बच्चालाई उभिन सक्ने बनाउन संस्थाको कार्यक्रमको निरन्तरता हुनुपर्ने बताए । समापन भाषण गर्ने क्रममा सभापति पशुपति सम्मानको योग्य देखेकोमा आयोजकलाई धन्यवाद दिनुभयो ।

त्यसैगरी समाजसेवी राजन ढुङ्गेलले अरुलाई सहयोग गर्दा आफूलाई आनन्द आउने र आफूले पुनर्जीवन प्राप्त गरेकाले बाँकी जीवन सामाजिक कार्यमा बिताउने र संस्थालाई पनि आफूले सकेको सहयोग गर्ने वचन दिनुभयो ।

बाल साहित्यकार रामेश्वर राउत मातृदासले यस्ता खाले कार्यक्रमले लेखक, कलाकारलाई निकै ऊर्जा दिने र लेख्न उत्प्रेरणा जगाउने भन्दै प्रशंसा गर्नुभयो ।

विशेष योगदान सम्मानबाट सम्मानित रमेश घिमिरेले संस्थालाई सहयोग गर्न पाउँदा आफूलाई आनन्द लाग्ने गरेको आगामी दिनमा यस्ताखाले सहयोग निरन्तर गरिरहने बाचा गरे ।

संस्थाको साधारण सभा सम्पन्न

यसैगरी सोही दिन संस्थाको साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले निर्विरोध केन्द्रीय समिति चयन गरेको छ । अभियान साहित्य कलाकार समाजको कार्यकारी समितिमा अध्यक्ष पशुपति दंगाल, उपाध्यक्ष खगेन्द्रप्रसाद गुरागाई, सचिवमा




राउत मातृदास र प्रा. डा. रामप्रसाद ज्ञवाली लगायतको उपस्थिति रहेको थियो संस्थाका अध्यक्ष पशुपति दंगालको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा दस हजार पुरस्कार राशि भएको "अभियान पुरस्कार २०८०" प्रा. डा. रामप्रसाद ज्ञवालीलाई प्रदान गरिएको थियो । यस्तै अभियान कलाकार सम्मान २०८० बाट वरिष्ठ दंगालले संस्थामा सहयोग गर्न चाहने मनकारी साहित्यकार तथा साहित्यप्रेमीहरूलाई अक्षयकोष राखेर सहयोग गर्न समेत अपिल गर्नु भयो । कपाल दाह्री सेतै फुले पनि अझै काम गर्ने जोश जाँगर छ भन्दै यो सम्मानले आफूलाई जवान बनाएको र अझै कलाकारिता निरन्तर गर्ने भन्दै वरिष्ठ कलाकार देशभक्त खनालले आफूलाई घनश्याम गौतम कोषाध्यक्षमा युगज्योति क्रियाशील, सदस्यहरूमा दिपेश सेढाई (सानु घायल), सुरेश तिमल्सिना र गोविन्दप्रसाद निरौला निर्विरोध चयन भएका हुन् । संरक्षकमा वरिष्ठ हाँस्यब्यङ्ग्य लेखक डम्बर घिमिरे हुनुहुन्छ । कार्यक्रमलाई गायक तथा उद्घोषक अजय अधिकारीले उद्घोषण गरेका थिए ।

# हेटौँडामा सञ्जेलको उपन्यास "समय रेखामा आमोई" माथि विमर्श

मकवानपुरको अग्रणी साहित्यिक संस्था झरना साहित्यिक परिवार श्रीप्रसाद सञ्जेलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । उहाँले लामो र उल्लेख गरेको आफूले पाएको बताउदै काँठ क्षेत्रका विषयमा धेरै लेखिनु पर्नेमा




मकवानपुरले शनिबार हेटौंडामा गोपाल सञ्जेलको उपन्यास "समय रेखामा आमोई" उपन्यासमाथि विमर्श गरेको छ । झरनाले आफ्नो २८९ औं साहित्य शृङ्खलाअन्तर्गत विमर्श कार्यक्रम साहित्य सङ्गम मकवानपुरको सभाहलमा गरेकोमा हो । कार्यक्रममा जिल्ला अदालत मकवानपुरका न्यायाधीश ाजनीतिक र सामाजिक जीवनबाट खारिएका लेखकले काँठ क्षेत्रका बिषयवस्तु चयन गरेकोमा बधाई दिनुभएको हो । विमर्श कार्यक्रममा बक्ताका रुपमा रहनुभएका घनश्याम घिमिरेले काँठ क्षेत्र, त्यसमा प्रयोग हुदै आएका भाषा, त्यस क्षेत्रको रहनसहन र संकृतिको विषयमा लेखकले राम्रोसँग त्यसो हुन नसकेको बताउनुभयो । विमर्श कार्यक्रमका अर्का वक्ता र मेशमोहन अधिकारीले पहाडी जनजीवनका विषयमा पुस्तकले धेरै बोलेको बताउँदै अझै शसक्त ढङ्गबाट यस्ता विषय उठान गर्न अब लेखकहरूले स्थलगत रुपमा पनि काँठ क्षेत्रमा गएर थप लेख्न सुझाव बाँकी ६ पृष्ठमा

# उडेको आकाश : डुलेको धर्तीको वर्णनात्मक सौन्दर्य

प्रा.कपिल अज्ञात

कविता, गीत र गजलबाट आफ्नो सिर्जनयात्रा आरम्भ गरेकी गीता खत्री (२०२०) को यो दोस्रो नियात्राको कृति हो - उडेको आकाश : डुलेको धर्ती ( नियात्रा-२०७८) । उनको झोखाङदेखि मजाटलानसम्म (नियात्रा-२०११) स्वदेशको यात्रासँग सम्बन्धित कृति हो भने प्रस्तुत कृति विदेश यात्रासित सम्बन्धित छ । उक्त शीर्षकले नै नियात्रा विषयप्रति उत्सुकता जगाउँछ ।

यात्रासाहित्य प्रेरणाजन्य परिवेशबाट सृजित हुन्छ । यात्रामा अनुभूतिले अधिक भूमिका खेल्यो भने, त्यो रसिलो, झरिलो र चोपिलो भएर आयो भने मात्र त्यसले नियात्राको सार्थक रूप लिने गर्छ । सबै यात्रावृत्तहरू नियात्रा हुँदैन । विवरणकै आधिक्य रह्यो भने त्यो प्रतिवेदनजस्तो हुने र अनुभूतिकै आधिक्य रह्यो भने त्यो भावात्मक निबन्ध हुने हुँदा नियात्रामा सिर्जनात्मक सन्तुलनको स्थिति आवश्यक हुन्छ । नियात्रा शब्द अहिले यात्रासाहित्यकारहरूलाई अधिक प्रिय लाग्न थालको छ । विशेष रागात्मक स्थितिले यसको प्रियता बढ्न गएको हो । यो बालकृष्ण पोखेलले तारानाथ शर्माको बेलाइततिर बरालिँदाको भूमिकामा सर्वप्रथम प्रयोग गरेको शब्द हो । यो यस्तो सुन्दर विधावाचक शब्द हो, जसले यात्राका अनुभूतिमय विशेषताहरूलाई परिलक्षित गर्दछ साथै मनोस्पर्श नगर्ने यात्राविवरण नियात्रा हुन सक्दैन भन्ने स्पष्ट पार्दछ ।

आधुनिक नेपाली नियात्राको मियोको रूपमा अहिले प्रतीक ढकाललाई मान्न सकिन्छ जसले नियात्राका दर्जनौं कृति लेखेका मात्र होइनन् नियात्राका बृहद् र व्यापक ढङ्गबाट गम्भीर अध्ययन र परीक्षण गरी नियात्राका उत्कृष्ट सूचीसमेत प्रस्तुत गरेका छन् । उनैको प्रेरणा र प्रयासबाट मैले यो कृतिको खोजी गरी साहित्यिक रसास्वादन लिने प्रयास गरेको छु । अहिले बजारमा नियात्राकै पनि यति धेरै कृतिहरू आएका छन् ती सबै पढ्न र बुझ्न सम्भव छैन । केही प्रतिनिधिमूलक रचना हात पारी तिनको प्रतिक्रिया जनाउन सके आफ्नै स्वभावले दिएको साहित्यिक सत्कार्य हो भन्ने लागेर त्यसैको सत्प्रयासमा जुटेको छु ।

कृतिभित्र दृश्यचित्रसहितका पचास नियात्रा छन् । कुनैकुनै नियात्रा लघुआकारका पनि छन् तर अधिकांश मझौला आकारका भएकाले पठनका निम्ति अधिक रुचिकर हुन्छन् । शीर्षकले नै यो नियात्राको कृति हो भन्ने बुझिन्छ । विषयअनुसारको शीर्षक जुर्नुपनि एक सुन्दर पक्ष हो । नियात्राका निम्ति यो अति नै सटीक शीर्षक देखिन्छ । जहाँ अधिक उड्ने र चहार्ने कुरा आउँछ, त्यसले पनि यो विदेशकै यात्रासँग सम्बन्धित छ भन्ने बुझिन्छ । आकाशमैं अधिक उडेको र धेरै धर्तीहरू चहारेको भन्ने अर्थ रहेको शीर्षक छ । यो नै बढी उत्सुकता जागृत गर्ने किसिमको छ । प्रायः कृतिभित्रै रहेका कुनै विषय शीर्षकलाई आधार मानेर कृतिको नामकरण गर्ने गरिन्छ तर यहाँ त्यस्तै छैन । सबै शीर्षकका विषयलाई यही शीर्षकद्वारा समेटिनुमा शीर्षकीय सार्थकता अत्यन्त समीचीन रूपमा देखापरेको छ । यो कृति र कृतिकारका निम्ति सुन्दर संयोग हो ।

देखेको स्वरूप सूचना हो र लागेको भावना अनुभूति हो । सूचना र अनुभूतिलाई समन्वित रूपमा प्रस्तुत गर्न सक्नु शैलीगत विशेषता हो । यस्तो विशेषता गीता खत्रीका सबै निबन्धमा देख्न सकिन्छ । सूचना भनेर जस्तासुकै सूचनाराशिले मात्र नियात्रामा आकर्षण थप्दैन । दुनियाले महत्वपूर्ण मानेको तर आफूलाई नवीन लागेका कुराको सञ्चय गर्न सक्यो भने मात्र त्यो बढी उपयोगी हुने गर्छ । जुनमा अद्भुतता, नवीनता र ज्ञानात्मकता छ त्यस्ता सूचनाको रम्यताले नियात्रालाई अधिक मनमोहक तुल्याउँछन् । त्यस्ता प्रयोगहरू गीताका रचनामा यथेष्ट देखिन्छन् जस्तो दृष्टिविहीनहरूका लागि बनाइएको बाटोको प्रसङ्ग, जापानतिर फट्याइँ, ठगी र बदमासी हुँदैन भन्ने विश्वासको बोध आदि । सूचना पनि रुखो वा कर्कश भाषामा नभई कोमल भाषामा भयो भने त्यसले पाठकको ध्यान खिँच्दै जान्छ, प्रस्तुतिका कारणले पनि सरस प्रकृतिका नियात्रा हुनाले जताजताको जेजस्तो वर्णन हुँदै जान्छ त्यतैतिर पाठकीय मन पनि डोरिँदै जान्छ ।

लेखिका निकै अध्ययनशील र मननशील भएकाले उनमा समीक्षाचेत पनि तीव्र देखापर्छ । अन्य देशका विधि-व्यवस्था हेरेर आफ्नो देशको हविगत बारे पनि उनले स्पष्ट र निर्धक्कसँग आफ्ना धारणा रखेकी छन् । नागासाकीमा बम खसालिएको सन्दर्भमा मान्छेको शत्रु मान्छे नै रहेछ । ऊ विनाशको लागि जहाँ पनि पुग्ने रहेछ भन्ने कथनबाट स्पष्ट हुन आउँछ । नियात्रा भनेपछि सर्वप्रथम दृश्यचित्र नै सामु आउँछ त्यसैको मिहिन विवरणलाई सुन्दर गति दिएर रसिलोपाराले चित्रण गर्नु पनि चुनौतीपूर्ण छ । अभिव्यक्तिको बुनाइ, कटाइ र छटाइले मात्र यो सम्भव छ । यहाँ लेखिकाले आफ्नो सीप, सामर्थ्य र भाषिक सौन्दर्यले वस्तुस्थितिलाई जीवन्त रूपमा साक्षात्कार गराउन निकै सफल हुन पुगेकी छन् । अनुभूतिको न्यूनतामा पनि वर्णनको माधुर्य सृष्टि गर्न सकियो भने नियात्राको सुन्दर स्वरूप निर्मित हुन्छ भन्ने उनले अनुपम दृष्टान्त पेश गरेकी छन् । यसैबीच आफ्ना दृष्टिकोणलाई समेत फिँजाएर नियात्राको गुरुत्व र गरिमालाई अभिवृद्धि गर्न पुगेकी छन् । चित्र र चित्रण सौन्दर्य नियात्राकार गीता खत्रीका नियात्राको प्रमुख विशेषता देखापर्छ । लामालामा गुजुल्टिएका वाक्य विन्यास नभएर चट्टचट्ट कथिएका वाक्यले पनि सम्प्रेषणमा सहजता र स्पष्टता ल्याएका छन् । त्यसले पाठकमा पठनको रुचिकर स्थिति उत्पन्न भएको छ । अर्को कुरा प्रसङ्गहरूलाई मिहिन तरिकाले जोड्दै र महत्वपूर्ण वस्तुमाथि दृष्टि पुऱ्याउँदै तथा त्यसलाई खुलस्त्याउँदै जानुले पनि नियात्रामा रोचकता बढेको छ ।

वस्तुतथ्य छुटाउन पनि नहुने र भावुकतामा अधिक डुल्न पनि नहुने, वस्तुमा पनि नवीन र महत्वपूर्ण तथ्यको शृङ्खला उन्दै जानुपर्ने जुन सन्दर्भ र प्रसङ्गको उठान गऱ्यो त्यसलाई पनि राम्ररी बिट मार्दै अघि बढ्नुपर्ने स्थिति हुँदा मनको पनि त्यत्तिकै भूमिका, मस्तिष्कलाई त्यत्तिकै चनाखो राख्नुपर्ने स्थिति, ध्यान, दृष्टि र चेत सबैलाई सन्तुलन र समन्वयमा राखेर रचनाको स्वरूप तयार पार्नुपर्ने कुरामा खत्रीको मनमस्तिष्क तीक्ष्ण हुँदा सिर्जन प्रक्रियाले पनि सुन्दर गति लिएको देखिन्छ र नियात्रालेखन सफल हुन पुगेको पाइन्छ ।

लेखिकामा वर्णनचेत मात्र होइन विश्लेषणात्मक चेत पनि त्यत्तिकै तीव्र देखिन्छ । जब कहीँ कुनै समस्या आउँछ, झुट्टा कुरा स्थापित गर्न खोजिन्छ, तब त्यसलाई उपयुक्त तर्क, विश्लेषणद्वारा उनले समाधानको उपाय पनि प्रस्तुत गर्न पुगेकी छन् । कामाकुरा र भगवान् बुद्धका विषयमा शाक्यमुनि बुद्ध अर्थात् सिद्धार्थ भारतको एउटा सानो राज्यमा जन्मिएका थिए भन्ने विदेशी लेखकले लेखेको लेखप्रति आफ्ना सशक्त तर्कहरू राखेर साहित्यकार हुनुको उत्कृष्ट परिचय दिएको पाइन्छ ।

नियात्राकै क्रममा "साहित्यिक कार्यक्रम टोकियामा" भन्ने नियात्रापरक लेखमा उनले लेखेकी छन् : "हामी स्रष्टाहरू इमानदार, मेहनती, दूरदर्शी र सत्यवादी हुन्छौं । हाम्रा अभिव्यक्ति र हामलि बोलेका बोलीले अरूको जीवनलाई समेत मार्गनिर्देशन गर्नेछौं र हाम्रो जीवन त खुला किताबजस्तो हुनुपर्छ" (उडेको आकाश : डुलेको धर्ती, पृ. ९५) । हुन पनि सिर्जनात्मक लेखनद्वारा उनले यो चरितार्थ गरेकी छन् । यसमा एकोहोरो वर्णन मात्र नभई हामीले सिक्नु र जान्नुपर्ने ज्ञानप्रद कुरालाई प्रसङ्गअनुसार प्रस्तुत पनि गर्दै गएकी छन् । वर्णनमा मिहिन स्थिति ल्याउनु र पारिवेशिक दृश्यलाई सूक्ष्मढङ्गले खुलस्त्याउनु पनि दिमागी तीक्ष्णता हो । भावुकता र कल्पनाको अधिक प्रयोग नगरिकनै वर्णन कौशलले नियात्राको रूपरेखा तयार पार्नु नै खत्रीको विशेषता देखापर्छ । वेलिडान्समा झुमेको कुरा होस् कि साहित्यिक कार्यक्रमा प्रतिभा अभिव्यक्तिको कुरा होस्, होकोनामा गन्धकको पानीले सेतो अण्डा, कालो अण्डामा परिवर्तित भएको कुरा होस्, फुजी पर्वतको दर्शनको कुरा होस् कि किन्काकुजी मन्दिरका परिसरको कुरा होस्, म्याक्सिकोको प्राकृतिक इनारको कुरा होस् कि केन्याको ग्रीनबेल्ड अभियानको कुरा होस् । मसाम्मारा राष्ट्रिय निकुञ्जमा चितुवाको गतिविधि होस् कि अमिदाको बुद्ध प्रतिमाको कुरा होस्, क्याटो स्टेशनको कुरा होस् कि वाइनको टेस्टिङको कुरा होस् वा होटलैहोटल भएको लसभोगासको कुरा होस्, बाँदरसँगको मितेरीको कुरा होस् कि मान्छे बोकेर हिँड्न सक्ने कछुवाको कुरा होस् हर रुचिकर कुराले पाठकको मन तानिरहन्छ । वर्णनको सरलता र परिवेशको चित्रणले नियात्राकारले आमाले बच्चाहरूलाई हात समाएर डोऱ्याएझैँ पाठकहरूलाई पनि डोऱ्याइरहेको महसुस हुन्छ ।

लेखिकाले भनेझैँ वर्णन सविस्तार गरिएको छ । आशय हो - वर्णन सिलसिलाबद्ध, स्पष्ट र विस्तारित छ । जहाँ वर्णनको विस्तार हुन्छ त्यहाँ वस्तुपरकताकै आधिक्य बोध हुन्छ । निजात्मकताको अधिक अभाव भएपछि कोरा विवरणले निरसता बढ्दछ । यो नियात्राकै धर्म विपरीत सूचना सम्प्रेषणको स्थिति मात्र हो । हुन त सूचना सम्प्रेषण पनि नियात्राकै अपरिहार्य प्रमुख तत्वमध्येकै एक तत्व हो । लेखिकाको अधिक ध्यान सूचना बोध गराउनुतर्फ केन्द्रित रहे पनि अनुभवहरूको समावेशले नियात्राकै आस्वादन आइरहेको अनुभव हुन्छ । जे होस्, कतै तुलना, कतै दृष्टिकोण र कतै खानपिनका स्वादको सुन्दर विश्लेषण छ । विदेशको सौन्दर्य देखेर नेपालको विकासक्रममा देखापरेको ढिलासुस्ती, भ्रम, छलछाम र धोकाधडीप्रति आक्रोश छ । यति बृहद् आकार र त्यसमा पनि उत्सुकता जनाउने खालका यति धेरै विषयवस्तु समेटेर कृतिको आयोजन गर्नु कम चुनौतीको कुरा होइन । नियात्राका सर्वतत्व उत्तिकै मुखर रहन नसके पनि नियात्राकै विशेष सम्बन्धित तत्वको प्राचुर्यले नियात्राको गुणगरिमा बढेको देखिन्छ । यसरी नेपाली साहित्यको बगैँचालाई सुरम्य र सुवासित तुल्याउनु खत्रीको निकै ठूलो साहित्यिक पौरख हो । आफ्नै डुलाइ, घुमाइ र बुझाइले विश्वकै प्रकृति, संस्कृति, रहनसहन र सभ्यताको चित्रणले ज्ञान, आनन्द र अनुभवको क्षितिज फराकिलो पारेर नियात्रामा आफूलाई अब्बल तुल्याएकोमा कृतिकारको सीपशैली, धैर्यता, स्थिरता, गम्भीरता, अठोट र जाँगरलाई धन्यवाद नदिइरहन सकिन्न । कुनै-कुनै नियात्राहरू आकारले लघु आयतन भएका कारण नियात्रा नभई दृश्य र परिवेश खिचिएका टिप्पणीमूलक प्रतिवेदन जस्ता पनि लाग्दछन् तथापि समग्रमा तिनले नियात्रालाई नै परिपुष्ट पार्दै समग्र कृतिलाई सुन्दर तुल्याएका छन् । हिरोसिमा र नागासाकीजस्ता सहरै ध्वस्त भएर पनि आत्मनिर्भरता र विकासको बाटोमा आफ्नै अविरल कमिला र मौरीको झैँ श्रमसीपले उठेर विश्वकै विकसित देशमध्ये एक मानिएको जापानलाई पूर्वाद्धमा पारी चित्रण गरेर उत्तरार्द्धतिर प्राकृतिक भूबनोटका दृष्टिले नेपालका विभिन्न यात्रासँग मिल्दोजुल्दो क्यालिफोर्नियाको चित्रण एवम् मेक्सिको र अफ्रिकाका पर्यटकीय स्थलको चित्रण गरेर नियात्राको बिट मारिएको छ । निष्कर्षमा भन्नुपर्दा नियात्रामा बाँकी ६ पृष्ठमा

# के के छन् नेपाल भित्रिएको फ्रेन्च कार सिट्रोन सी ३ का विशेषता ?

काठमाडौं । नेपाली बजारमा भारतमा उत्पादन भएको फ्रेन्च कार 'सिट्रोन सी३' भित्रिएको छ । नेपालका लागि सिट्रोनको आधिकारिक वितरक सांग्रिला मोटर्सले सिट्रोनको नयाँ मोडल



सी३ नेपाली बजारमा बुधबार सार्वजनिक गरेको हो ।

अहिले नेपालमा यसको दुइटा भेरिएयन्ट उपलब्ध रहेको कम्पनीले जनाएको छ। सिट्रोन सी३ कम्प्याक्ट एसयूभी सेग्मेन्टको कार हो ।

कम्पनीले यो कार सीएमपी मोडुलर प्लेटफर्ममा तयार पारेको हो। कारको अगाडि भागमा स्प्लिट हेडल्याम्प, एलईडी डीआरएल तथा रियरमा ऱ्याप अराउण्ड एलईडी ब्याकलाइट रहेको छ । यो गाडी दुई पेट्रोल इन्जिन भेरिएन्टमा उपलब्ध छ ।

कारको ओराभीएम र फ्रन्ट ग्रिलमा क्रोम फिनिस छ भने तल्लो भागमा हेग्जागन साइजको ग्रिल र अझ तलपट्टी ड्युअल टोन बम्पर र आल्मुनियम जस्तो देखिने स्किडप्लेट छ । यसमा ड्युलटोन डाइमण्ड कट अलोय ह्विल छ। यो गाडीको ग्राउण्ड क्लियरेन्स १८० एमएम छ। यो कारमा लगेजका लागि ३१५ लिटरको बुट स्पेस दिइएको छ ।

इन्जिन

सिट्रोन सी३ मा १.२ लिटरको थ्री सिलिन्डर नेचुरल्ली एस्पिरेटेड तथा टर्बोचार्ज्ड पेट्रोल इन्जिन छ, जसले ८२ एचपी पावर र ११५ एनएम टर्क जेनेरेट गर्दछ। कारमा ५ स्पिड म्यानुअल तथा अटोमेटिक ट्रान्समिसन सिस्टम दिइएको छ।

अर्को १.२ लिटरको थ्री सिलिन्डर टर्बो पेट्रोल इन्जिन छ जसले ११० एचपी पावर र १९० एनएम टर्क जेनेरेट गर्न सक्छ। यो ६ स्पिड म्यानुअल गियरबक्समा जोडिएको छ ।

२५४० एमएम ह्विलबेस रहेको यस कारमा पछाडि बस्ने यात्रुका लागि पनि पर्याप्त फराकिलो ठाउँ छ। सो कार चार मोनोटोन कलर र ६ वटा ड्युअल टोन कलरहरुमा उपलब्ध छ। यसमा ग्राहकहरूले अगाडिको बम्परको फगमा ओरेन्ज, ब्राउन वा क्रोम इन्सर्टमध्येबाट एउटा छनोट गर्न सक्छन् ।

सेफ्टी फिचर

यो गाडीमा यसमा वायरलेस एन्ड्रोइड अटो र एप्पल कारप्लेको साथ ठूलो १० इन्चको टचस्क्रिन, डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर, म्यानुअल एयर कन्डिसन, ४ स्पिकर साउन्ड सिस्टम, अगाडि र पछाडि युएसबी चार्जिङ पोर्टहरू छन् ।

कारमा थ्री स्पोक स्टेयरिङ ह्विल, डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर तथा म्यानुअल एयरकन्डिसन छ। यो कारमा वायरलेस स्मार्ट फोन चार्जर पनि छ।

सुरक्षाको हिसाबले उत्कृष्ट बनाउन हाई राइडिङ ह्याचब्याकमा ड्युअल एयरब्याग, रियर पार्किङ सेन्सर र सिटबेल्ट रिमाइन्डर छ। यसले ट्याकोमिटर, रियर विन्डस्क्रिन वाइपर र डिफोगर, पावर्ड विङ मिरर एडजस्टमेन्ट, डे र नाइट आईआरभीएम, ट्याकोमिटर र डोरका लागि सेन्ट्रल लकरअनलक बटन जस्ता सुविधाहरू पनि छ ।

मूल्य

यसको मूल्य नेपालमा लाइभ ट्रिमको लागि ३४ लाख ४९ हजार र फिल ट्रिमको लागि ३६ लाख ४९ हजार रुपैयाँ तोकिएको छ । तर कम्पनीले हाई राइडिङ ह्याचब्याकमा हाल अटोमेटिक भेरिएन्ट ल्याएको छैन ।

वारेन्टी

ग्राहकहरूको सहजता र खरिद पश्चातको मानसिक शान्तिको लागि सिट्रोनले सी३ मा वारेन्टी कार्यक्रम पनि राखेको बताएको छ। यो वारेन्टी कार्यक्रमले दुई वर्ष अथवा ४० हजार किलोमिटरको दुरीसम्म सवारी साधनको हेरचाह र स्पेयर पार्ट्सलाई समेट्छ। ग्राहकले काठमाडौंको सितापाइला स्थित सिट्रोनको सेवा केन्द्रबाट गुणस्तरीय सेवा र मर्मतसम्भारको फाइदा लिन सक्नेछन् ।

# एलईडी इन्डिकेटर र नयाँ आई-क्याचिङ पर्पल कलरमा आयो यामाहा आर ३

यामाहाले प्रिमियम मोटरसाइकल आर३ को २०२३ मोडल सार्वजनिक गरेको छ । अन्य कुरा यथावत भए पनि यसमा दुई कस्मेटिक परिवर्तन भने गरिएको छ। यो मोटरसाइकलमा




स्लिक एलईडी इन्डिकेटर राखिएको छ भने नयाँ आई-क्याचिङ पर्पल कलर मा उपलब्ध छ। मोटरसाइकलको अन्य फिचर भने यतावत छ । यसमा लिक्विड-कुल्ड ३२१ सीसी प्यारालल ट्विन इन्जिन छ, जसले ४२ एचपी पावर र २९.५ एनएम टर्क जेनेरेट गर्छ। यसमा डायमन्ड फ्रेम तथा ३७ एमएम युएसडी फोर्क र प्रिलोड-एड्जस्टेबल मोनोसक रहेको छ ।

त्यसैगरी आर३ मा स्लिपर क्लच, ड्युअल च्यानल एबीएस, अल-एलईडी लाइटिङ र एलसीडी डिस्प्ले आदि र हेको छ। बजारमा यामाहाको यो मोटर साइकलले केटीएम आरसी ३९०, बीएमडब्ल्यु जी ३१० आरआर र कावासाकी निन्जा ४०० जस्ता मोटर साइकलसँग प्रतिस्पर्धा गर्छ। नेपाली बजारमा केही वर्ष पहिले सम्म आर३ मोटरसाइकल पनि उपलब्ध हुन्थ्यो ।

तर हाल यामाहा नेपालले यो मोडल नल्याएको केही समय भइसकेको छ। भविष्यमा नयाँ भर्सनको आर३ पनि उपलब्ध हुने वा नहुने अहिले नै भन्न सकिदैन ।

# नेपालमै बनेको इलेक्ट्रिक मोटरसाइकल यात्रीले पायो नम्बर प्लेट

काठमाडौं । अन्ततः यात्री मोटरसाइकलले नम्बर प्लेट पाएको छ । बाइक निर्माता कम्पनी यात्री डिजाइन स्टुडियोद्वारा उत्पादित यात्री मोटरसाइकलले सो नम्बर प्लेट पाएको






हो । यात्रीले गत वर्ष मे १५ का दिन पहिलो मोटरसाइकल पी-१ ग्राहकलाई डेलिभरी गरेको थियो ।

त्यसको ठीक एक वर्ष पश्चात हिजो 'नेपालमा बनेको पहिलो सवारी साधन यात्री पी-१' दर्ता भएको बताइएको छ । यात्रीले बिक्री गरेका बाइक दर्ता नभई नम्बर प्लेट नपाउने समस्या आएपछि यो विषयलाई लिएर धेरै आलोचना भएको थियो ।

लामो बहस र दबाबपछि यातायात व्यवस्था विभागले गत वैशाखमा विद्यमान यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० संशोधन गरेपछि यात्रीलगायत अन्य स्वदेशी सवारी निर्माता कम्पनीका लागि दर्ताको अवसर खुलेको हो ।

सो निर्देशिकामा थपिएको नयाँ बुँदामा नेपालमा जडान वा उत्पादन हुने सवारीको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुनः दर्ता र नामसारी लगायतका प्रयोजनका लागि त्यस्तो सवारीको भन्सार प्रज्ञापनपत्र आवश्यक नपर्ने उल्लेख छ । यातायात व्यवस्था कार्यालय, गुर्जुधारा (मोटरसाइकल) मा 'बाग्मती प्रदेश ०२ बा ४३ प ८६५० नम्बर'को पी-१ बाइक दर्ता भएसँगै यात्री नेपालमै उत्पादित सवारीमध्ये पहिलो दर्ता हुने कम्पनी बनेको छ ।

कम्पनीले यो इतिहास रच्न सहयोग गर्ने आफ्ना विशेष प्रयोगकर्तालाई कृतज्ञता प्रकट गर्नुका साथै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसहित यातायात व्यवस्था विभाग र सहयोग गर्ने सबैलाई धन्यवाद दिएको छ ।

घातक विषादीको प्रयोग नगरौं ।
- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन् ।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ ।
त्यसैले,
कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस